# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७८

## आठविसकोट नगरपालिका

## रुकुम पश्चिम




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

प.सः २०७८।७९
च.नः१८४

मितिः २०७८।५।४

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगरप्रमुख ज्यू,
श्री आठविसकोट नगरपालिका, रुकुम पश्चिम ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

..............................
नारायण एम.सी.
( नायव महालेखापरीक्षक)

***बोधार्थः***
**श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**सिंहदरवार, काठमाडौं** — प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

**(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)**

**प.सः** २०७८।७९ मितिः २०७८।५।४

**च.नः१८५**

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**श्री नगरप्रमुख ज्यू,**

**श्री आठबिसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम ।**

कैफियत सहितको राय

हामीले आठबिसकोट नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिवरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु ८ करोड ६४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु १ करोड ३५ लाख १२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु १ करोड ७३ लाख ९९ हजार नियमित गर्नुपर्ने रु. ४ करोड ८५ लाख ३१ हजार पेश्की बाँकी रु ६ लाख २१ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१०।११ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभइ कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना ४० (चालीस) को यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

नारायण एम. सी.

( नायब महालेखापरीक्षक)

**श्री आठबिसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम**
**लेखापरीक्षण प्रतिवेदन**
२०७६।०७७

**परिचयः–** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस आठबिसकोट नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगर पालिका अन्तर्गत १४ वडा, ७३ सभा सदस्य, ५६०।३४ वर्ग किलोमिटर क्षेत्रफल तथा ३८ हजार ७८ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ११०४७२९८.५८ | १ | **चालु खर्च** | | ४९१०६९६३५.३८ |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | | २९३९०२६८०.४० |
| | ख) बैंक | ११०४७२९८.५८ | | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | | ०.०० |
| २ | **राजस्व ( आन्तरिक आय)** | | १२५९१६९७८.०० | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ४७१०३३९६.०० | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ७८३४७४०४.०० | | | ग) अन्य भुक्तानी | | |
| | ग) राजस्व बाँडफाँड प्रदेश | ४६६१७८.०० | | | | | |
| | घ) अन्य आय | ०.०० | | ४ | **लगानी** | | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | ३४५४२९०००.०० | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | ११२००००००.०० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १९१६२९०००.०० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | १३३०००००.०० | | ५ | **धरौटी फिर्ता** | | १७९७७४५१.४९ |
| | घ) विशेष अनुदान | २८५०००००.०० | | ६ | **जनश्रमदान फिर्ता** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ४०४४७९४०.०० | ७ | **कोष फिर्ता** | | |
| | क) वित्तिय समानीकरण अनुदान | १०३५४०००.०० | | ८ | **मौज्दात** | | |
| | ख) सशर्त अनुदान | ११०९३९४०.०० | | | क) बैंक मौज्दात | | ८४३५८६.८० |
| | ग) समपुरक अनुदान | १५००००००.०० | | | ख) नगद मौज्दात | | |
| | घ) विशेष अनुदान | ४००००००.०० | | ९ | **शसर्त अनुदान फिर्ता** | | ११३४७४०९.०० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ०.०० | १० | **गत बर्षको बढी अल्या** | | ०.०० |
| ६ | **अन्य** | | २५०००००.०० | ११ | **जनश्रमदान मौज्दात** | | ०.०० |
| | क) क्षेत्रीय शहरी विकास योजना | | | १२ | **धरौट मौज्दात** | | १३३०४७३१.५१ |
| | ख) सडक बोर्ड नेपाल | | | १३ | **कोष खाताको मौज्दात** | | |
| | ग) पर्यटन बोर्ड नेपाल | २५०००००.०० | | | | | |
| | घ) एन एन एस डब्लु ए | | | | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | ०.०० | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | ०.०० | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त** | | १७७७६७०४५.०० | | | | |
| १० | **प्रदेश विषयगत निकायबाट प्राप्त रकम** | | ९४०५५०५०.०० | | | | |
| ११ | **धरौटी आय** | | ३१२८२१८३.०० | | | | |
| १२ | **लगानीको साँवा फिर्ता** | | | | | | |
| १३ | **अन्य विविध आय** | | | | | | |
| | **जम्मा** | | ८२८४४५४९४.५८ | | **जम्मा** | | ८२८४४५४९४.५८ |

<table>
<tr><td colspan="3">कार्यालयको नाम : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम आ.व. २०७६।७७</td></tr>
<tr><th>द.फा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>लेखापरिक्षणको क्रममा असुली : ७०,२२,४८३।०० भएको छ ।</td><td></td></tr>
<tr><td></td><td>वित्तीय विवरण विश्लेषण</td><td></td></tr>
<tr><td>१.</td><td>वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>
<ul>
<li>स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।</li>
<li>स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको सन्चित कोष मौज्दात रु -५५,४०,५३९.८२ (मैज्दात ऋणत्मक) देखिएको छ ।यस सम्बन्धमा पालिकाले स्पष्ट पार्नुपर्दछ ।</li>
<li>लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।</li>
<li>कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको ।</li>
</ul>
त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>जिम्मेवारी फरक परेको – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु २८,५९,८२९.४९ बैक मौज्दात ऋणात्मक कायम भएकोमा यो बर्षको शुरुमा रु १,१०,४७,२९८.५८ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ८१,८७,४६९।०९ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु</td><td>८१,८७,४६९।०९</td></tr>
<tr><td>३.</td><td>कार्यालयले उपलव्ध गराएको विवरण अनुसार गत वर्ष कट्टी गरेको धरौटी, मर्मत सम्भार कोष, मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, सावधिक जीवन बीमा धरौटी सापटी लागायतको रु.२,७०,१९,४८८।०० को देहाय अनुसार चालुखाताबाट र पुजीगत खाताबाट यसवर्षको वार्षिक विनियोजन बजेट बाट रकम खर्च गरेको छ । जुन आर्थिक वर्षमा कट्टी भएको रकम हो सोही आर्थिक वर्षमा सम्बन्धित खातामा दाखिला गर्नु पर्नेमा चालु आर्थिक वर्षबाट खर्च गर्न पाउने देखिदैन । तसर्थ वार्षिक विनियोजित बजेट भन्दा बढी खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । तसर्थ गत आर्थिक वर्षको उल्लेखित कट्टी रकम यस वर्ष खर्च गर्न नियमसम्मत नदेखिएको रु
<table>
<tr><th>भौ.नं./मिति</th><th>शिर्षक</th><th>विषय</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>१।२०७६।६।४</td><td>पुंजीगत</td><td>धरौटी सापटी फिर्ता</td><td>७४७७०००।००</td></tr>
<tr><td>२।२०७६।६।४</td><td>पुंजीगत</td><td>विभिन्न कर (मू.अ कर अग्रिम कर आदी)</td><td>३२८४३१८।००</td></tr>
<tr><td>२।२०७६।६।४</td><td>पुंजीगत</td><td>धरौटी दाखिला</td><td>९५१०६९०।००</td></tr>
<tr><td>२।२०७६।६।४</td><td>पुंजीगत</td><td>मर्मत सम्भार कोष</td><td>९९६२२५।००</td></tr>
</table></td><td>२७०१९४८८।००</td></tr>
</table>

**कार्यालयको नाम** : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम **आ.व. २०७६।७७**

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| २।२०७६।६।४ | पुँजीगत | संचित कोष फिर्ता | ९३२७२३।०० |
| ४।२०७६।६।९ | चालु | कर्मचारी संचय कोष, बीमा कोष, विभिन्न कर आदी | ५८१८५३१।०० |
| **जम्मा** | | | **२७०१९४८८।००** |

४. **बैंक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | संन्चित कोष खाता | २४३७२४३.०३ | ६४५४६३.२४ | १७९१७७९.८ |
| २ | धरौटि कोष खाता | १३३०४७३१.५१ | २१९८३४२०.०९ | -८६७८६८८।५५ |
| ३ | चालु खर्च खाता(विजोर वर्ष) | ८८५९५३६.१२ | ७९८६९८५.५४ | ८७२५५०.५६ |
| ४ | पुजिगत खर्च खाता (विजोर वर्ष) | ६६०५२७.७६ | ८०९२५.२६ | ५७९६०२.५ |
| ५ | स्थानिय तथा प्रकोप व्यवस्थापन कोष | २५१३७६६।०० | २६१९५५०.१३ | -१०५७८४.१३ |
| ६ | स्थानिय तह विविध खर्च खाता | ७१०४२७।० | ७१०४२७।० | ० |
| | | | **जम्मा** | -५५,४०,५३९.८२ |

५. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छ्न ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

| **कार्यालयको नाम** : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम | | **आ.व. २०७६।७७** |
|---|---|---|
| **द.फा** | **भौ.नं, मिति र ब्यहोरा** | **बेरुजू रकम** |
| | • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको | |

| कार्यालयको नाम : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम | | आ.व. २०७६।७७ |
|---|---|---|
| **द.फा** | **भौ.नं, मिति र ब्यहोरा** | **बेरुजू रकम** |
| | • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ८९ जनाको दरबन्दी रहेकोमा ४५ दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा ३ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>  • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु १,७९,३४,७४७।८६ तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| | • **बजेट तथा कार्यक्रम** | |
| ७. | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री गिता नेपालीले मिति २०७६। ०३।१८ । गते रु ६८ करोड २२ लाख ३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।२३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।०४।०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८. | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको | |

**कार्यालयको नाम** : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम **आ.व. २०७६।७७**

| **द.फा** | **भौ.नं, मिति र ब्यहोरा** | **बेरुजू रकम** |
|---|---|---|
| | आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु ५४ लाख ७८ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको मिति २०७६।०३।२३ को निर्णयबाट चालुतर्फ भौपरि आउने चालु शीर्षकमा रु २४००००० र पुजीगततर्फ भौपरि आउने पुजिगत शीर्षकमा रु ३०७८०००बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ९. | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १०. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ११. | **गत बर्षको दायित्व -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७५।७६ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. ३,३७,१७,२९९.२३ भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०७६।७७) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |
| १२. | **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र. | बजेट | कुल खर्च | चौमासिक खर्च |
|---|---|---|---|

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| स. | उपशिर्षक | | प्रथम चौमासिक | दोस्रोचौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
|---|---|---|---|---|---|---|
| | चालु खर्चतर्फ | ४९१०६९.६२ | ११०१३१.७६ | ३५८६०.४६ | ३४५०७७.३९ | २१५०७८.२० |
| | पूँजिगत खर्चतर्फ | २९३९०२.६८ | ४०९१७.३५ | ४३४४८.९७ | २०९५३६.३४ | १२०९०६.७८ |
| | जम्मा | ७८४९७२.३१ | १५१०४९.१२ | ७९३०९.४४ | ५५४६१३.७४ | ३३५९८४.९८ |
| | **प्रतिशत** | **१००** | **१९.२४** | **१०.१०** | **७१.००** | **४२.८०** |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु७८४९७२३१६.२२ निकासा भएकोमा प्रथम चौमासिकमा रु. १५१०४९१२५.६३ अर्थात १९.२४ प्रतिशत, दोश्रो चौमासिकमा रु ७९३०९४४६.७४ अर्थात १०.१० प्रतिशत र तेश्रो चौमासिकमा रु ५५४६१३७४४ अर्थात ७१.०० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु३३५९८४९८५ अर्थात ४२.८० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१३. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र. स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ४९०६७७८८ | ३६९०५७९३ | ७.४२ |
| २ | पूर्वाधार विकास | २४३८८७१०८ | १०७८२७४३० | २१.७ |
| ३ | सामाजिक विकास | ३१७८४८८८५ | २३२२४६७०७ | ४६.७३ |
| ४ | बातावरण तथा सुशासन | ८३४४२३९ | ७६९२५४५ | १.५४ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १३८३४२९८० | ११२२९०९३३ | २२.६ |
| | **जम्मा** | **७५७४९१०००** | **४९६९६३४०९** | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४६.७३ प्रतिशत र वातावरण तथा सुशासन मा सबै भन्दा घटीमा १.५४ प्रतिशत रहेको छ ।

१४. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ४७१०३३९६ राजस्व बाँडफाँड र अनुदानबाट रु७३९०१२६१७ समेत रु ७८६११६०१३ आम्दानी भएकोमा चालु तर्फ रु ४९१०६९६३५.३८ र पूँजिगत तर्फ रु २९३९०२६८०.४ र बित्तिय ब्यबस्था तर्फ रु शुन्य समेत रु ७८४९७२३१५।७८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.०० प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु १५४५४११।०० खर्च भएको छ जुन आन्तरिक आयको ३.३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२.४७ प्रतिशत चालु र ३७.४४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ ।

**कार्यालयको नाम** : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम **आ.व. २०७६।७७**

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| १५. | **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | २२२ | ० | २ | १९ | १९५ |

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| १६. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ४५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १७. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न  पदमा २२ जना कर्मचारीहरु करारमा राखि रु ९३०००७० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न  पदमा ५१ जना करार नियुक्ति गरी बर्षभरीमा रु १,०४,२३,३१०।०० भुक्तानी गरेको अनियमित दिखएको रु | १०४२३३१०।०० |
| १८. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको  देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा  पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, | |

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १९. | **वडा सचिवको पदपूर्ति :** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ । | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १४ | १४ | १० | ४ |

२०. **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १८ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १७३५ |
| मृत्युदर्ता | ११९ |
| बसाईसराई दर्ता | ७६ |
| विवाह दर्ता | २९६ |
| सम्बन्धविच्छेद दर्ता | ७ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |
| कच्ची सडक | २३३.५ की.मी. |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

२१. **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| १८ | २८ | ४६ | ३३ | ४७ | १७२ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १ लाख देखि १० लाख भन्दा बढी सम्मका जम्मा १७२ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १८ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी

| **द.फा** | **भौ.नं, मिति र ब्यहोरा** | **बेरुजू रकम** |
|---|---|---|
| | नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| | • **कानून निर्माण एवं कार्यान्वयन** | |
| २२. | **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ वटा ऐन, १३ वटा नियमावली, ५० कार्यविधि निर्देशिका २७ लगायत १०४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले १०४ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि सबै कानूनहरु राजपत्रमा प्रकाशन गरेको छ । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| २३. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १३ र यो बर्ष थप भएको ३३ गरी कुल ४६ विवाद दर्ता भएकोमा ६ वटा मात्र फछ्र्यौट भई ४० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २४. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २५. | **आन्तरिक लेखापरीक्षण शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| | • **पदाधिकारी सुविधा** | |
| २६. | **पदाधिकारी सुविधा** - कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । जसअनुसार कर्णाली प्रदेश सरकारले प्रभम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिदैन । तर पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा निम्नानुसार रु१४,५२,०००।०० खर्च लेखेको असुल गर्नुपर्ने रु | १४५२०००।०० |

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| क स | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिकाका सदस्य ८ जना | सभाका सदस्य ४९ जना | जम्मा ७३ जना |
|---|---|---|---|---|---|---|
| १ | ६८००० | ६०००० | ५६०००० | १७६००० | ५८८००० | १४५२००० |

२७. **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु १५४५४११ सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष १४ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ४९ जना | जम्मा ७७३ |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | १५००० | १५००० | २३०६०० | ५४००० | २५६००० | ५७०६०० |
| २ | यातायात खर्च | | | ३४०० | २००० | २००० | ७४०० |
| ३ | पुस्तक,पत्रीका ईन्टरनेट | ४००० | ३००० | २८००० | | | ३५००० |
| ४ | अतिथि सत्कार | ४८६९९५ | | | १२००० | | ४९८९९५ |
| ५ | अनुगमन भत्ता | ४३३४१६ | | | | | ४३३४१६ |
| | **जम्मा** | ९३९४११ | १८००० | २६२००० | ६८००० | | १५,४५,४११।०० |

२८. **वैदेशिक भ्रमण** – दैनिक भ्रमण भत्ता नियमावली, २०६४ को नियम ३(५) अनुसार अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पदाधिकारी वा कर्मचारीले विदेश भ्रमण गर्नुपर्दा नेपाल सरकार मन्त्रिपरिषदले निर्णय गर्नुपर्दछ । यस पालिकाका देहाएका पदाधिकारी तथा कर्मचारीहरुको बैदेशिक भ्रमणमा रु.६००,०००।०० खर्च भएको देखिन्छ ।

| सि.नं. | बैदेशिक भ्रमणमा जानेको पद र नाम | भ्रमण गरेको देश | भुक्तानी रकम |
|---|---|---|---|
| १ | नगर प्रमुख गोर्ख बहादुर के.सी | चिन | २९८००० |
| २ | मेकानिकल इन्जिनियर उत्तम वि.सी. | चिन | १५१००० |
| ३ | मेकानिकल इन्जिनियर विजय शाह | चिन | १५१००० |
| | | **जम्मा** | ६०००००।०० |

यसरी वैदेशिक भ्रमाणमा खटाउँदा नियममा उल्लिखित व्यवस्थाअनुसार नेपाल सरकारको स्वीकृत लिएको देखिएन ।

२९. **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु ९,९८,५८८।०० खर्च गरेको छ ।

३०. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु १४,५५,०००।०० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

- **अनुदान फिर्ता, वितरण र उपयोग**

३१. **ऋणः** पालिकाले यस आर्थिक वर्षमा निम्न शिर्षकहरुमा विद्याथिहरुलाई उच्च तहको शिक्षा हासिल गर्न सहकारी मार्फत ऋण प्रवाह गरेको छ । उक्त ऋणको सम्बन्धमा ऋण हिसाव पेश हुन आएन । गत विगत मा पनि यस प्रकारको ऋण प्रवाह गरेकोमा सो समेत विवरण पेश गर्नुप्रर्दछ ।

| ऋणीको नाम | अध्ययनको विषय | ऋण रकम |
|---|---|---|

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| गोविन्द के सी | पाइलट | ५०००००।०० |
| ललित भण्डारी | पाइलट | ५०००००।०० |

३२. **नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका २ नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु.१,७४,०८,०००।०० अनुदान उपलब्ध गराएको छन । तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।

| सि.नं. | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १ | कर्णाली टिम्बर क.ली. | मेशिन खरिद | २३४३००० |
| २ | कर्णाली वेवरेज इनडस्ट्रिज प्रा.ली. | जुस मेशिन र कोल्ड स्टोर सामान | १५०६५००० |
| **जम्मा** | | | १,७४,०८,०००।०० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

३३. **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.९,३१,१९५।०० भुक्तानी दिएको पाईयो ।

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | राजुप्रसाद थारु | इस्काभेटर अपरेटर भत्ता | १८८६०० |
| २ | योजना तथा प्राविधिक कर्मचारी | अनुगमन तथा फिल्ड भत्ता | ४०५१३५ |
| ३ | रत्न परिवार | उपभोक्ता समिति अभिमुखिकरण तालिम | ३३७४६० |
| | | **जम्मा** | ९,३१,१९५ |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

३४. **ठेक्का व्यबस्थापनः** सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छ:(रु.हजारमा)

| कुल निर्माण खर्च | सोझै खरिद | | सिलबन्दी दरभाउपत्र | | बोलपत्र | | तेश्रो चौमासिकमा व्यवस्था भएको | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम हजारमा | संख्या | रकम हजारमा | संख्या | रकम हजारमा | संख्या | रकम हजारमा |
| ४३१०२५।४ | ५ | २६६७६ | ४ | १६६१।१ | ४३ | ३२६४७८.३ | ३ | ७६२१० |

३५. **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु **२९,३९,०२,६८०.४०** पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३६. | **सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान दुई पांग्रे सवारि साधन खरिदमा रु २४५००० तथा १ थान चार पांग्रे सवारी साधन खरिदमा रु ३७४५००० बजेटबाट खर्च गरेको छ । | |

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | मोटरसाइकल | १ | २४५००० |
| २ | कार/जीप | १ | ३७४५००० |
| | **जम्मा** | २ | **३९९००००** |

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • **कर दस्तुर एवं आन्तरिक आय** | |
| ३७. | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ३,५०,००,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु ३,६८,४९,५६८.२३ अर्थात अनुमान भन्दा ५.३० प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ३८. | **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । | |

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७८,४९,७२,३१६.२२ | ३,६८,४९,५६८.२३ | ४।७० |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४।७० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३९. | **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १०००००० | ७९६७१६ | २।१७ |
| घरजग्गा वहाल कर | ५००००० | २४३७८६१ | ६।६२ |
| व्यवसाय कर | १०००००० | ८१३२९० | २।२३ |

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| वहाल विरौटी शुल्क | ५०००० | ६२५५० | ०।१७ |
| बिबिध | ३२४५०००० | ३२७३९१५१।२३ | ८८।८५ |
| **जम्मा** | **३५००००००।००** | **३६८४९५६८।२३** | **१००** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

४०. **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

४१. **राजश्व दाखिला :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत वडाले पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।

४१.१. **कम दाखिलाः** निम्न वडा तथा पालिकाले उठेको राजश्व भन्दा कम राजश्व दाखिला गरेको देखिएकोले दाखिला गर्नबांकी राजश्व सम्बन्धितबाट असूल गरि आर्थिक कार्य बिधि नियमावली २०६४ को नियम ९ (६) अनुसारको जरिवाना समेत असूल गरि संचय कोषमा दाखिला गर्नुपर्ने रु — २०८८०७.००

| सि न | वडा नं | दाखिला गर्नु पर्ने रकम | खाखिला रकम | घटि दाखिला |
|---|---|---|---|---|
| १. | ५ | २३३२४२.०० | २३०४३९.०० | २८०३.०० |
| २. | ६ | ३२५२०२.०० | ३००००१.०० | २५२०१.०० |
| ३. | ७ | २१०५०५.०० | १९४८०३.०० | १५७०२.०० |
| ४. | ८ | २१८०८४.०० | २०७११८.०० | १०८९६.०० |
| | १३ | १३५३१९.०० | १२७७८८.०० | ८६३१.०० |
| ५. | ९ | ९८१६३७.०० | ९२६८९०.०० | ५४७४७.०० |
| ६. | ३ | १८५९२७.०० | ९५१००.०० | ९०८२७.०० |
| **जम्माः** | | | | **२०८८०७.००** |

वडा नं ४ को राजश्वको आम्दानी विवरण पेश नभएकोले कार्यालयले छानविन गरि प्रतिवेदन पेश गर्नु पर्ने ।

| कार्यालयको नाम : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम | | आ.व. २०७६।७७ |
|---|---|---|
| **द.फा** | **भौ.नं, मिति र ब्यहोरा** | **बेरुजू रकम** |
| ४२. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्षको आम्दानि रु ८७,३०० रहेको छ । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ४३. | **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु ८,१३,२९०।०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ्रन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| | • **उपभोक्ता समिति मार्फत कार्य** | |
| ४४. | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४५. | **लागत सहभागिता** – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ४६. | **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १०।२०७६।६।१४ | आठबिसकोट टिम्बर भवन उपभोक्ता समिति | काठ उद्योग भवन | ६४,३८,४५०।०० |
| ४।२०७७।२।२० | कोरोना आइसोलेशन अस्पताल | अस्पताल भवन | ९९,४९,३९८।०० |

| द.फा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | |
| | **सशर्त कार्यक्रमतर्फ** | |
| ४७. | **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | आठविसकोट नगरपालिकाका सामुदाहिक विद्यालय | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ६२ | ४१४ | ३९२ | २११ | १२३६९ |

| द.फा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ । | |
| ४८. | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु ३,२२,३०,९७२.६४ तलब भत्ता भुक्तानी गरेको पाईयो । | |
| ४९. | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.४४१५६१३।८० का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः | |
| ४९.१. | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, | |
| ४९.२. | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, | |
| ४९.३. | आपुर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ४९.४. | औषधिको जिन्सी किताबमा आम्दानी बाँधदा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| ४९.५. | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

**कार्यालयको नाम** : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम **आ.व. २०७६।७७**

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५०. | **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३२४ जनालाई रोजगारी उपलव्ध गराई रु.६६,८९,०००।०० खर्च गरेको छ । लक्षित वर्गलाई १ दिनदेखि ९० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| | **समानीकरण पूँजिगततर्फ** | |
| ५१. | **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि वेगर रु.२९,३९,०२,६८०।०० को सोझै खरिद गरेको देखियो । | |
| ५२. | **परामर्श सेवा** - सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा प्रतिस्पर्धा बाहेक सोझै खरिद गरी रु.९,१६,९९५।०० खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |

| कार्य विवरण | परामर्शदाता | खर्च रकम |
|---|---|---|
| खारा स्याला ओख्ले सडक आइ.इ | क्यानभास इन्जिनियरङ कन्सल्टेन्सी प्रा.ली. | ४८९८५५ |
| बसेरा खदी सडक डिपिआर | वि आर एस इन्जिनियरिङ सोलुसन प्रा.ली. | ४२७१४० |
| | **जम्मा:** | **९१६९९५।००** |

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५३. | **कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा | |

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत रु ८३,९७,२३०।०० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ५४. | **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| ५५. | **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । पालिकाले यस आ व मा २ पटक सामाजिक परीक्षण गरेको छ । जसमा रु ७,५०,०००।० खर्च भएको छ । | |
| ५६. | **डीपीआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| खारा स्याला ओख्ले सडक आइ.इ | क्यानभास इन्जिनियरङ कन्सल्टेन्सी प्रा.ली. | ४८९८५५ | ४८९८५५ | ९७७८५९०९.९ |
| राडि जाजरकोट पुल डिपिआर | सितारा इन्जिनियरिङ घर जे/भी | ८४७५०० | ० | २३४१४७१०२ |
| प्राङगारीक मिसन कार्यक्रम वडा न.४ र ५कान्जिरोवा एग्रो कन्सल्टेन्सी प्रा.ली. | कान्जिरोवा एग्रो कन्सल्टेन्सी प्रा.ली | ४९८७४१३ | ० | २९३००००० |
| हिमालय मा.वि.खदि, हिमालय मा.वि.दाजे,बालकल्याण मा.वि.राडि,ज्ञानोदय मा.वि.चौतारा,आर्दश मा.वि.पिपलचौर,दिपजोति मा.वि.राडी, | मुनलाइट/दिप/एभरसेफ जे/भि | १५८२००० | १५८२००० | ११९६९०२००० |
| नगरपालिकाको प्रशासकीय भवन र १४ वटा वडा भवनको डिपिआर | सितारा इन्जिनियरिङको घर जे/भि | १२४३००० | १२४३००० | १९०५८६१९३.४ |

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| बसेरा खदी सडक डिपिआर | वि आर एस इन्जिनियरिङ सोलुसन प्रा.ली. | ४२७१४० | ४२७१४० | ४८१७९३३३.७ |
| झ्यारमखोला तातोपानी खानेपानी डिपिआर | घन्टेश्वरी इन्जिनियरिङ सोखुसन | ९६१९६७.४ | ९६१९६७.४ | २६८५५३३५ |
| आ न पा को डिजिटल प्रोफाइल निर्माण | कन्सर्न सेन्टर फररुरल युथ मुसिकोट | १२९७८०५ | | १२९७८०५ |
| | **जम्मा:** | ११८३६६८०.४ | ४७०३९६२.४ | १६५५७४०१९५.१ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

५७. **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।

| सि.नं | निर्माण कामको विवरण | लागत अनुमान | सम्झौता रकम |
|---|---|---|---|
| १ | खारा ओख्ले सडक निर्माण | ९७७८५९०८.९ | ६४३०१२२२ |
| २ | नगर हस्पिटल तथा चमेना गृह भवन निर्माण | ६४३५१६८४ | ६२६५९१७६ |
| ३ | सिचाइ तथा खानेपानी वितरण फेज ए | ५०१४०२९९.६५ | २५५५०३५७ |
| ४ | खदि स्याला सडक निर्माण | ३७७२११६९.८९ | २९३८०८४०.४८ |
| ५ | सहिद स्मृती मा.वि भवन निर्माण( दुइ तले दश कोठे) | ३६६६६०८४.८५ | २९३३७४६७.९१ |
| ६ | सहिद स्मृती मा.वि भवन निर्माण( प्रशासकीय बल्क) | ३६२६५८१३.३८ | २८८४७२३६.९ |
| ७ | सिचाइ तथा खानेपानी वितरण फेज बी | ३५८०२५५४.०१ | ३१९९७०२६.०६ |
| ८ | श्री हिमालय मा.वि.भवन निर्माण खदि | ११६७४३००.८२ | ९८५६१६९.२२ |
| ९ | श्री कालिका मा.वि. भवन निर्माण सुन्दरपानी | १६६०४६६९.६१ | ७९४३१२१.०३ |
| १० | नेपाल राष्ट्रीय मा.वि. भवन निर्माण ठूली बार्खु | १००२९४६६.५३ | ८०३९७४४.३८ |

**समानीकरण चालुतर्फ**

५८. **भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा

पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

५९. **डोजर, लोडर, एक्साभेटर मर्मत :** पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु ३२,९८,२७९।०० खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले रु ७५,००,०००।०० मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।

| सि.नं | मेशिनरी | संख्या | मर्मत तथा ईन्धन रकम | आम्दानी रकम |
|---|---|---|---|---|
| १ | व्याकुलोडर | १ | १७३५९५० | २५००००० |
| २ | एक्साभेटर | १ | १०५३१०१ | ३५००००० |
| ३ | अन्य | ३ | ५०९२२८ | १५००००० |
| | जम्मा | ५ | ३२,९८,२७९ | ७५,००,००० |

६०. **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण ,-** स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पतिको रेखदेख ,मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा निम्ननुसार देखिएको छः

६०.१. पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको मर्मत सम्भार एवम् संरक्षण गरेको\अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पतिको रेखदेख मर्मत सम्भार एवम् संरक्षण गर्न\गराउन अभिलेख राख्नुपर्दछ ।

६१. **अन्य संस्थाः** सावंजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) मा एक करोड रुपैंयासम्मको काम उपभोक्ता समिति वा लाभग्राही समूहबाट गराउन सकिने व्यवस्था छ । सार्वजनिक खरिद ऐन ,२०६४ को दफा ८ १क५ मा मालसामान, निमांण कायं वा अन्य सेवा खरिद

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गर्नुपर्ने उपभोक्ता समिति वा लाभग्राही समुदायलाइं सहभागी गराएर गर्न सकिने उल्लेख छ । खरिद गर्दा पालन गर्नुपर्ने प्रकृया सम्बन्धमा साबंजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा बिभिन्न व्यबस्था उल्लेख छ । नगरपालिकाले सोही ऐनले तोकेकै खरिद बिधि अन्तंगत नगरपालिकामा दतां भइं आन्तरिक राजश्व कायांलयमा समेत दतां भएका श्रम सहकारी संस्थालाइं उपभोक्ता समिति वा लाभग्राही समुदाय सरह मान्यता दिइं प्रतिस्पधां बेगर काम गराएको विवरणमा पेश भएको छ । साबंजनिक खरिद ऐनको दफा ८ (१क) मा ती सस्थालाइं उपभोक्ता समिति वा लाभग्राही समुदाय सरह मान्यता दिइं बिना प्रतिस्पधां काम गनं पाउने गरी थप सुविधा दिएको देखिदैन । कानुनले उपभोक्ता समितिको रुपमा पहिचान नगरेको संस्थाबाट उपभोक्ता समितिको प्रक्रिया अनुसार काम गराएको उपयुक्त देखिन आएको छैन । साथै सबै सहकारी संस्थाले आफ्नो बार्षिक आय विवरणमा पालिकाबाट लिएको रकम समावेश नगरी आन्तरीक राजश्व कार्यालयमा आय विवरण बुझाएको, समावेश गर्नेले पनि आंशिक विवरण बुझाएको देखिएको छ ।तसर्थ सहकारी संस्थाबाट गराएको काम नियम संगत नदेखिएको रु | २,७४,१४,११४.०० |

| सि न | सहकारी सस्थाको नाम | कार्यक्रमको नाम | भूक्तानी रकम |
|---|---|---|---|
| १ | गणतान्त्रिक श्रम सहकारी संस्था लि | सडक निर्माण | १३७३४५४७।०० |
| २ | झारमारे जलजला श्रम सहकारी संस्था लि | भवन निर्माण | ७०३२३१२।०० |
| ३ | जनभावना श्रम सहकारी संस्था लि | सिभिल वर्क | ६६४७२५५।०० |
| | | **जम्मा** | **२,७४१,४,११४।००** |

**८०६५९४०१००१ ( आठविसकोट नगरपालिका चालु)**

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६२. | आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६(३)मा करोवारको लेखा राख्दा प्रमाणित विल भरपाईको आधारमा राख्नु पर्ने र सोही बमोजिम खर्च लेख्नुपरने व्यवस्था छ । देहायको भौ.नं.र मितिबाट संलग्न फाटवारीमा विल भरपाई वेगर रु. १,०६,३४०.०० बढी खर्च लेखेको देखियो । लेखापरीक्षणको समयमा समेत खर्च प्रमाणित गर्ने कागजात पेश नभएकोले सम्बन्धितबाट असुल गरी संचित कोष दाखिला हुनुपर्ने रु. | १,०६,३४०।०० |

| भौ.नं./मिति | भुक्तानी लिनेको नाम | लेखेको खर्च रु. | विल भरपाईमा भएको रु. | बढी खर्च लेखेको रु. |
|---|---|---|---|---|
| १५६।२०७६।८।२४ | वडा नं.१४,सचिव,शर्पु मल्ल | ८१,५२५.०० | ५१,१६०.०० | ३०,३६५.०० |
| १६७।२०७६।।८।२४ | वडा नं.८,कार्यालय सहायक, कमल वि.क | ५०,०००.०० | ४१,९३५.०० | ८,०६५.०० |
| २१९।२०७६।९।१५ | ठुलकोट श्रम सहकारी | ३५,०००.०० | २०,२९०.०० | १४,७१०.०० |
| २४३।२०७६।९।२९ | निरानजन चदारा( भदौपुर्णिमा मेला आयोजक समिति) | ७०,०००.०० | १६,८००.०० | ५३,२००.०० |
| | | | **जम्मा** | **१,०६,३४०.००** |

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६३. | १२०।२०७६।१०।१७ **छुट कर:**आय कर ऐन२०५८ को दफा ८९ मा वैठक भत्ता वापतको रकम भुक्तानी गर्दा श्रोतमा १५ प्रतिशत कर कट्टी गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । शिक्षा संयोजक थलवीर ओलीलाई प्रधानाध्यापक वैठक रु।२,००,००००।०० भुक्तानी गरेको संलग्न फाँटवारीमा १०९ जनालाई भत्ता वातत रु।१०००।०० को दरले रु।१,०९,०००।०० भुक्तानी गर्दा नियमानुसार कट्टी गर्नुपर्ने पारिश्रमिक कर कट्टी रु। १६,३५०।०० नगरेकोले सम्बन्धितबाट कट्टी गरी संघिय संचित कोषमा दखिला गर्नुपर्ने रु। | १६,३५०.०० |

**कार्यालयको नाम** : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम **आ.व. २०७६।७७**

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६४. | बढी भुक्तानीः नगरपालिकका करार शिक्षकहरुलाई निम्न भौ।नं।रमितिबाट प्रथम र दोश्रो किस्ताको तलव वापतको रकम भुक्तानी गर्दा तलव माग गर्ने माग फाराममा माग भए भन्दा बढी भुक्तानी भएको रु। . ३,३८,000.00 सम्बन्धित विद्यालयबाट असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु. | ३,३८,०००.०० |

| भौ नं।मिति | विद्यालयको नाम | चौमासिक | माग भएको रकम रु. | भुक्तानी भएको रकम रु. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| ३२।२०७६।६।१४ | राष्ट्रिय माध्यामिक विद्यालय | प्रथम | ३,७५,000.00मा.वि तर्फ | ६,१९,000।00 | २,४४,000.00 |
| ४।२०७६।१२।९ विविध खर्च खाता | नविन अधारभुत विद्यालय, पाहाडा | दोश्रो | २,४८,000.00 नि.मा.वि तर्फ | ३,४२,000.00 | ९४,000.00 |
| जम्मा | | | | | ३,३८,000।00 |

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६५. | छुट करःआय कर ऐन२०५८ को दफा ८८ मा सेवा कार्यमा भुक्तानी गर्दा मू।अ।कर विजक जारी नगरेको सेवा प्रदायकलाई श्रोतमा १५ प्रतिशत कर कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले निम्न भौ.नं./ मिति बाट कानून व्यवशायी कानूनी उपचार केन्द्र (३०१८२४६५७)बालाजु, काठमाडौं र श्रष्टा म्यूजिक प्रा.लि.लाई सेवा लिए वापत रु.३,३१,०००.०० भुक्तानी गर्दा आय कर कट्टी छुट भएकोले गरेकोले सम्बन्धितबाट असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु | ४९,६५०।०० |

| भौ.नं. मिति | सेवा प्रदायकको नाम | प्रदान गरेको सेवा | भुक्तानी रकम रु. | १५ प्रतिशतले हुने कर रु. |
|---|---|---|---|---|
| १४।२०७६।६।९ | कानूनी उपचार केन्द्र ३०१८२४६५७ बालाजु, काठमाडौं | कानूनी सेवा | २५,000.00 | ३,७५0.00 |
| २४८।२०७६।९।२९ | कानूनी उपचार केन्द्र ३०१८२४६५७ बालाजु, काठमाडौं | कानूनी सेवा | ६६,000.00 | ९,९00.00 |
| ८२।२०७६।७।१९ | श्रष्टा म्यूजिक प्रा.लि. ६00३0२६0१ | म्यूजिक भिडियो निर्माण | २,४0,000 | ३६,000.00 |
| | | | जम्मा | ४९,६५0.00 |

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६६. | १४३।२०७६।८।२३ **प्रमाण वेगरको खर्चः** नागरीकता तथा घर जग्गा रजिष्ट्रेसन शिविर सञ्चालन वापत बाबुराम वष्टलाई रु। ५६,६००।०० भुक्तानी गरेको संलग्न फाँटवारी परीक्षण गर्दा नागरीकता शिविर लगायत अन्य कार्यक्रम भएको प्रमाण संलग्न रहेको देखिएन । खर्च पुष्टी गर्ने विल भरपाई समेत नरहेकोले कार्यक्रम भएको र खर्च पुष्टी गर्ने कागजात पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु। | ५६,६००।०० |
| ६७. | **छुट करः**आय कर ऐन२०५८ को दफा ८९ मा समान खरिद वापतको रकम भुक्तानी गर्दा श्रोतमा १.५ प्रतिशत कर कट्टी गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न भौ.नं./ मिति बाट आठविसकोट नगर क्यान्टिन (६०९२२१८३३) बाट खाजा खाना वातको रु.२,९१,९६५.०० भुक्तानी गर्दा कर कट्टी नगरी भुक्तानी गरेकोले सम्बन्धितबाट असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ४,३८०।०० |

**कार्यालयको नाम** : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम **आ.व. २०७६।७७**

| भौ.नं.रमिति | सप्लायर्सको नाम | भुक्तानी रकम रु. | १.५ प्रतिशतले हुने कर रु. |
|---|---|---|---|
| ८।२०७६।।६।९ | आठविसकोट नगर क्यान्टिन ६०९२२१८३३ | २,२२,३३०.०० | ३,३३५.०० |
| २६२।२०७६।१०।२३ | आठविसकोट नगर क्यान्टिन ६०९२२१८३३ | ६९,६३५.०० | १,०४५.०० |
| | | **जम्मा** | ४,३८०.०० |

| द.फा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६८. | **कार्यपालिकाको निर्णय वेगरको भुक्तानीः** उपमेयर गीता नेपालीलाई आवास सुविधाको लागि कार्यालयले घरधनी अनन्त बहादुर वि.क. सँग मासिक रु.१५,०००.०० भुक्तानी गर्ने गरी सम्झौता गरी वार्षिक रु १८००००।०० भुक्तानी दिएको छ ।पदाधिकारीलाई प्रदेश ऐनले तोके भन्दा बढी सुविधा दिन पाउने नदेखिएकोले आवास सुविधा वापतको रकम उपभोग गर्ने नगर उपप्रमुखबाट कर कट्टी बाहेकको रकम रु १६२०००।०० असुल गरी दाखिला गर्नुपर्ने रु। | १६२०००।०० |
| ६९. | १९७।२०७६।९।२१ विज्ञान प्रदर्शनीमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीलाई भारतका विभिन्न स्थानमा अध्ययन भ्रमण वापतको सा.का.अ. मानबहादुर बटालाको रु.७,००,०००.०० पे.फ समेत रु.९,१०,७९२.०० भुक्तानी गरेको संलग्न फाँटवारी परीक्षण गर्दा निम्नानुसार देखियो ।<br>१ नगर कार्यपालिकाको २०७६।५।९ मा बसेको ३८ ओ वैठकको निर्णय नं. १४ मा बाल दिवस २०७६ को अवसरमा आयोजित विज्ञान प्रदर्शनीमा प्रदर्शनीमा उत्कृष्ट नतिजा हासिल गर्ने १० जना विद्यार्थी, सोही विद्यालयका ५ जना शिक्षक र नगरपालिकाका ५ जनालाई दशैं तिहारको बिच अवधीमा भारतका विभिन्न स्थानमा अध्ययन/ अवलोकन भ्रमण गराउने उल्लेख छ ।निर्णयमा कति खर्च गर्ने उल्लेख भएको छैन । कार्यालयको निर्णय भन्दा फरक पर्ने गरी २५ जना सहभागीलाई प्रतिव्यक्ति रु.३६,४३२.०० को दरले रकम भुक्तानी भएको छ । निर्णय भन्दा थप ५ जनालाई प्रतिव्यक्ति रु.३६,४३२.०० को दरले रकम भुक्तानी दिंदा रु.१,८२,१६०.०० थप व्ययभार पर्न गएको छ ।<br>२ समान्यतया सरकारी कोषबाट खर्च गर्नेगरी विदेश भ्रमणमा जाँदा नेपाल सरकार परराष्ट्र मन्त्रालयको स्वीकृती लिनुपर्ने व्यवस्था छ ।संलग्न फाटवारीमा सम्कन्धित निकायको स्वीकृती वेगर भ्रमण खर्च लेखेकोले उक्त खर्च नियम संगत देखिएन ।<br>३ आर्थिक कार्यविधी नियमावली २०६४ को नियम ३६(३)मा करोवारको लेखा राख्दा प्रमाणित विल भरपाईको आधारमा राख्नु पर्ने र सोही बमोजिम खर्च लेख्नुपर्ने व्यवस्था छ । भारतका विभिन्न स्थानमा अध्ययन/ अवलोकन भ्रमण गर्दा रु.४,४१,२३२.००को मात्र प्रमाणित विल भरपाई रहको छ । रु.९,१०,७९२.०० भुक्तानी गरेकोमा रु. ४,६९,५६०.०० को खर्च पुष्टी गर्ने प्रमाण संलग्न नदेखिएकोले खर्च पुष्टी गर्ने प्रमाण पेश हुनुपर्ने रु. | ४,६९,५६०.०० |
| ७०. | ३७९।२०७७।३।२६ समान्यतया सरकारी कोषबाट खर्च गर्नेगरी विदेश भ्रमणमा जाँदा परराष्ट्र मन्त्रालयको स्वीकृती लिनुपर्ने व्यवस्था छ । परराष्ट्र मन्त्रालयको स्वीकृती वेगर नै कार्यपालिकको निर्णय बमोजम नगरपालिकामा स्थापना हुँदै गरेको काष्ठ उद्योगको लागि लग पिलिङ मेशिन खरिद गर्न ठेक्कासम्झौता भएअनुसार स्वीकृत स्पेशिफिकेशन अनुसारको उपकरण भएनभएको चेक जाँच गर्न एवं मेशिन उपकरण सञ्चालन र उद्योग सम्बन्धी आवश्यक अध्यन गर्न नगर प्रमुख, श्री गोर्ख बहादुर के.सी., मेकानिकल इन्जिनियर, श्री उत्तम वि.सी. र हेभी इक्वीपमेण्ट कार्यालय,गोदावरी कैलालीमा कार्यरत मेकानिकल इन्जिनियर, श्री विजयकुमार शाहको एक हसे चीन भ्रमण स्वीकृत गरी | |

| कार्यालयको नाम : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम | | आ.व. २०७६।७७ |
|---|---|---|
| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
| | सो सम्बन्धी दैनिक भ्रमण भत्ता वा रु२,००,०००.०० जुन कम हुन्छ सोही रकम नगरपालिका श्रोतबाट व्यहोर्ने निर्णय अनुरुप नै माथि उल्लेखत व्यक्तिहरुलाई जनही रु२,००,०००.०० को दरले रु६,००,०००.०० भुक्तानी भएको रकम नियम सम्मत् नदेखिएको रु. | ६,००,०००.०० |
| ७१. | २८८।२०७६।११।९ **बढी भुक्तानीः** भ्रमण खर्च नियमावली२०६४को नियम १०मा एक जिल्लाबाट अर्को जिल्ला वा सोही जिल्लाको एक कार्यालयबाट वीस किलोमिटर भन्दा बढी दुरी भएको अर्को कार्यालयमा सरुवा भई जाने कर्मचारीलाई सरुवा भ्रमण खर्च उपलव्ध गराउने व्यवस्था छ ।नि. प्रमुख प्रशासकिय अधिकृत, राम बहादुर केसीलाई कार्यालयबाट रुकुम जिल्लाको चौरजहारी नगरपालिकामा सरुवा भई जाँदा निज सहित परिवारका ४ जना सदस्यलाई फुटकर खर्च सहित रु१७,८४०.००भुक्तानी भएको छ । कार्यालय बाट चौरजहारी नगरपालिका सम्म पुग्न एक दिन मात्र लाग्ने हुँदा एक चौथाई ०.२५० दिनको रु१७६० को दरले ४ जनाको रु१७६०.०० मात्र भुक्तानी दिनुपर्नेमा रु१६०८०.०० बढी भुक्तानी भएकोले उक्त रकम सम्बन्धितबाट असुल गरी संचितकोषमा दाखिला गर्नुपर्ने रु। | १६०८०।०० |
| ७२. | ३८९।२०७७।३।२८ **छुट करः** आय कर ऐन२०५८ को दफा ८९ मा विभन्न भत्ता वापतको रकम भुक्तानी गर्दा श्रोतमा १५ प्रतिशत कर कट्टी गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । Visit 2020 र गोतामकोट आत्रेषशी मन्दिर उद्धाटन कार्यालय सहायक जय बहादुर बुढाको रु७,००,००००.०० पे फ समेत रु.११,३५,०७३.०० भुक्तानी गरेको संलग्न फाँटवारीमा कायक्रममा झाँकी प्रदर्शन गरे वापत ३० जना व्यक्तिलाई ९०६६७.००को श्रोतमा १५ प्रतिशत कर कट्टी गरी रु. ७७०६६.०० भुक्तानी भएकोमा रु.११३३.०० मात्र कर दाखिला भएकोले छुट कर रु.१२,४६७.०० नगरपालिका संचितकोषबाट बाट असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | १२,४६७।०० |
| ७३. | **३५३।२०७७।३।१९ प्रमाण वेगरको खर्चः** सहायक कम्प्यूटर अपरेटर मान बहादुर बटालाको वडा नं.९ मा संचालित २५ औं चौतारा मेलाको रु.२,२५,०००.०० पेश्की फस्यौटसँग सम्बन्धित संलग्न फाँटवारीमा खर्च पुष्टि गर्ने विल भरपाई लगायतको प्रमाण नभएकोले सो सम्बन्धी प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु. | २,२५,०००।०० |
| ७४. | २१५।२०७६।०९।२७ **बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली२०६४को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन,विल,भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । नविन आधारभुत विद्यालयको सौचालय मर्मत गरे वापत रु. ४,२८,६३५.०० भुक्तानी गरेको संलग्न फाँटवारी परीक्षण गर्दा कार्य विलमा चौकोस वापत रु.३,१९,०४८.६९, काठको फ्रेम वापत रु११,३१८।७६, काठको विम वापत रु १५,०८४.९८ र खापा वापत रु १८,४३७।६८ समेत रु. ३,४५,४५२.४३ चढाई रकम भुक्तानी लीएको देखियो । उपभोक्ताले पेश गरेको कामको फोटोमा पुरानो ढोका लगायतका सामाग्रीनै प्रयोग गरेको देखिदा उपभोक्ता समितिको योगदानको अनुपातिक कट्टी गरी बढी भुक्तानी रकम संचित कोषमा दाखिला गर्नुपर्ने रु। | ३,४५,४५२।४३ |
| | **विपद् व्यवस्थापन** | |
| ७५. | **समिति गठन-** विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा (१७)१ मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन २०७४।०५।१९ गरेको समिति गठन भएतापनि १० वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ७६. | **वार्षिक प्रतिवेदन -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक | |

| **कार्यालयको नाम** : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम | | **आ.व. २०७६।७७** |
|---|---|---|
| **द.फा** | **भौ.नं, मिति र ब्यहोरा** | **बेरुजू रकम** |
| | प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| | **संघिय सरकारबाट हस्तान्तरित** | |
| ७७. | **स्वास्थ्य**<br>**तलबी प्रतिवेदन —** स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ७(क)५ मा स्वास्थ्य सेवा अन्तर्गत कार्यरत जिल्ला स्थित कार्यालयका कर्मचारीहरुको तलबी प्रतिवेदन जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराएर मात्रै तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस आ.ब.मा विभिन्न स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाइएकोले कुन कुन कर्मचारीले के कति सेवा सुविधा एवं ग्रेड रकम पाउने हो यकिन गर्न सकिएन । अतः ऐनमा भएको व्यवस्था अनुरुपको तलबी प्रतिवेदन पारित गरेर मात्रै सोको आधारमा तलब खर्च लेख्नुपर्ने देखिन्छ । | |
| ७८. | **गत वर्षको भुक्तानी—** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ८० (७) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भएमा विल भरपाई बमोजिमको रकम आगामी आर्थिक वर्षमा भुक्तानी दिनुपर्नाको कारण खोलि म.ले.प.फा.नंको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण प्रन्ध्र गते भित्र सम्बन्धित कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरिराख्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायबमोजिमको गत आर्थिक वर्षको भुक्तानी गर्दा म.ले.प.फा.नं १८ प्रमाणित नगरि भुक्तानी गरेको पाइएकोले नियम सम्मत नदेखिएको रु.. | |
| ७९. | **भौतिक पुर्वाधार**<br>**बढी भुक्तानी** १७५.२०७७।३।३१ मा पालिकाले डुङगेला दाजे खण्ड निर्माण कार्यमा मेसीन प्रयोग गरे वापत गेमी रोल्पा कन्स्ट्रक्सन प्राली घोराही उ म नपा १५ दाङ्गलाइ रु ८५८६६०। भुक्तानी दिएकोमा यस को १० प्रतिशत उपभोक्ता को योगदान वापत रु ९२५५६। कटाइ भुक्तानी दिनुपर्नेमा सो कट्टा नगरेकोले बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु | ८५८७६।०० |
| ८०. | **औषधी खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया अनुसार रु.७,९१,४६२। का औषधि युनिक फर्मा र समुद्र मेडिको फर्मा बाट सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, | |

| क्र.सं. | भौ.नं. र मिति | विवरण तथा योजनाको नाम | भुक्तानी मिति | भुक्तानी रकम |
|---|---|---|---|---|
| १. | १६५-२०७७/३/२९ | आमा सुरक्षा खर्च | २०७७।३।२९ | ४५३२००। |
| २. | १४०-२०७७/३/२५ | बहिरा तथा सुस्त श्रवण स्रोत कक्षा संचालन तथा व्यवस्थापन तथा आवासिय विधार्थीलाई छात्रावृत्ती | २०७७।३।२५ | २०००००। |
| | | **जम्मा** | | **६५३२००।००** |

| कार्यालयको नाम : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम | | आ.व. २०७६।७७ |
|---|---|---|
| **द.फा** | **भौ.नं, मिति र ब्यहोरा** | **बेरुजू रकम** |
| | • आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• पालिकाले औषधिको जिन्सी कितावमा आम्दानी बाँध्ने नगरेको सोझै स्वास्थ्य संस्थाले आम्दानी बाध्ने गरेको भन्ने बुझिएको र औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ८१. | **शिक्षा**<br>**८२,२०७७।२।२१ मा बढी निकासा** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सामुदायिक विद्यालयका लागि छात्राबृत्ती तथा पाठ्यपुस्कत खरिद तथा वितरणका लागि श्री कमल आ वि हर्दिगाउको रु १८०००। माग भै आएकोमा रु.२८००। रकम बढी निकासा खर्च लेखेको छ । तसर्थ बढी निकासा दिएको रकम असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्ने रु. | २८००।०० |
| ८२. | **तलबी प्रतिबेदन —** शिक्षा सेवा ऐन, २०२८ बमोजिम स्थानीय तह अन्तगतका शिक्षकहरुको बार्षिक तलबी प्रतिबेदन शिक्षक किताव खानाबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले यस स्थानीय तह का शिक्षकहरुको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको छ । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । पालिकाले यस आ.ब.मा विभिन्न विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाइएकोले कुन कुन शिक्षकले के कति सेवा सुविधा एवं ग्रेड रकम पाउने हो यकिन गर्न सकिएन । अतः ऐनमा भएको व्यवस्था अनुरुपको तलबी प्रतिवेदन पारित गरेर मात्रै सोको आधारमा तलब खर्च लेख्नुपर्ने देखिन्छ । | |
| ८३. | **शिक्षक अभिलेख —** शिक्षा मन्त्रालयको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७४।७५ अनुसार शिक्षा विकास समावेशी शाखाबाट प्रमाणित गरी पठाएको दरबन्दी विवरणका आधारमा अद्यावधिक गरी राखेको अभिलेखको आधारमा शिक्षक एवं कर्मचारीहरुको तलब भत्ता लगायत रकम विद्यालयगत रुपमा यकिन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले विद्यालयगत रुपमा शिक्षकहरुको स्थायी, अस्थायी एवं राहत दरबन्दी अद्यावधिक गरेको पाइएन । साथै यस आर्थिक वर्षमा कुन कुन विद्यालयहरुमा के कति संस्थामा नयाँ शिक्षकको नियुक्ती भयो एवं के कतिको सरुवा, बढुवा, अवकाश एवं बेतलवी विदामा रहेका छन् सोको अभिलेख समेत अद्यावधिक गरेको पाइएन । कार्यालयले उल्लेखित विवरण अद्यावधिक गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ८४. | गो.भा.नं.१४२ मिति २०७७।३।२५ बाट यस पालिका ५६ वटा बिद्यालयलाई बिज्ञान प्रयोगशाला, आइसीटी, पुस्तकालय, सिकाई सुदृढिकरण प्रोत्सहान अनुदान, गणित बिज्ञान र अंग्रेजी अनुदान, र कार्यसम्पादन अनुदान गरि जम्मा रु.५३,१२,०१४।६४ अनुदान रकम निकासा भएको देखिन्छ । यसमा दुइ वटा बिद्यालयहरुमा बाहेक अन्य बिद्यालयहरुमा हाल सम्म लेखापरीक्षण भएको छैन । यस अबस्थामा बिलभर्पाइ बेगर निकासा भएको उक्त रकमको प्रभावकारीता लागि लेखापरीक्षण भै प्रतिवेदन पेस हुनुपर्दछ । | |
| ८५. | **फोटोकपि बिल भरपाईः** ८०,२०७७।२।२० आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा विल भर्पाइ सहित राख्नुपर्ने उल्लेख छ । खर्चको बिल भरपाई सहितको | ४३९९१।०० |

| कार्यालयको नाम : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम | | आ.व. २०७६।७७ |
|---|---|---|
| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
| | लेखा राख्नुपर्दछ । पालिकाले यस पालिकाको भवनको माटो परीक्षण वापत ईन्जीनियरको घर प्रा लि को भ्याट नं ६०५९६३६७६ को विजक नं ०२० को मिति २०७७।१।१४ को विल अनुसार रु ४,३९,९९१।– भुक्तानी गरेकोमा लेखापरिक्षणको अवधि सम्म उक्त प्रा लि को फोटोकपि विल देखिएकोले उक्त सक्कल विल पेश गर्नुपर्ने अन्यथा रकम असूल गरी दाखिला गर्नुपर्ने, रु. | |
| | **(आठविसकोट नगरपालिका पुंजीगत)**<br>कार्यालयले उपलव्ध गराएको विवरण अनुसार यस शिर्शकमा रु १४,५९,०१,७४५।०० खर्च भएको विवरण उपलव्ध गराएको छ । | |
| ८६. | ६।२०७६।६।११ सिधै कार्य गराएकोः सार्वजनिक खरिद ऐन२०६३ को दफा ५ को उपदफा १ मा १ लाख भन्दा बढीको निर्माण कार्यको सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । साथै नियम ८५(१)मा ५ लाख भन्दा बढी खरिद गर्दा प्रतिस्प्रधाको माध्यामबाट खरिद गर्नुपर्ने उललेख छ । पालिकामा सव-ओभरसियर पवन कुमार यादवलाई सुरुमा रु.६०,००,०००.०० पेश्की दिई कार्यालयको आन्तरिक डेकोरेसन कार्य गराई अन्तिमा विलवापत रु.२३,०१,०००.०० भुक्तानी दिएको छ । शुरुमा निर्माण कार्यको लागत अनुमान तयार नगरेको, निर्माण कार्य गराउने स्वयंबाट निर्माण कार्यको नापी गरेको, निर्माण कार्य सम्पन्न भएपछि लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गरेको र खरिद कार्यमा प्रतिस्प्रधालाई सिमित गराएको देखियो । यस्तो निर्माण कार्य अनियमित देखिएको रु। | २३,०१,०००।०० |
| ८७. | १०।२०७६।६।१४ आठविसकोट टिम्बर भवन निर्माण उपभोक्ता समितिलाई प्लाईउड फ्याक्ट्री प्रयोजनको लागि स्टिल ट्रस भवन बनाए वापत रु.६४,३८,४५०.०० भुक्तानी दिएको छ । उक्त भवन बनाउनाको कारणबारे जानकारी माग गर्दा निजीक्षेत्र र पालिकाले संयुक्तरुपमा प्लाईउड उद्योग सञ्चालनको लागि भवन तयार गर्न उपभोक्ता समितिलाई उक्त कार्य गर्न लगाएको उल्लेख छ । प्लाईउड उद्योग सञ्चालन गर्ने प्रा।लि। र भवन निर्माण गर्ने उपभोक्ता फरक फरक भएको र उपभोक्तासुग स्टिल ट्रस्टको भवन बनाउन सक्ने विज्ञता भएको जनशक्ति देखिदैन । उद्योग सञ्चालनको लागि आवश्यक पर्ने मापदण्ड भित्रको भए नभएको आधार संलग्न श्रेस्तामा देखिदैन । भवन निर्माण स्थलको गग्गाको स्वामित्वमा छ, व्यक्तिको नाममा जग्गा भए त्यसको एकल व्यक्तिले उपयोग गर्ने जोखिम कायमै छ । यस सम्बन्धमा नगर प्रमुख लगायत पदाधिकारीको रोहवरमा छलफल हुंदा भवन मापदण्ड अनुसार निर्माण भए नभएको, भवनको स्वमित्व, यसको प्रयोग, त्यसको उपयोग, नाफाको बाँडफाड र सञ्चालन लगायतको सम्झौता, कार्यविधी समेत पेश हुन नआएको रु। | ६४,३८,४५०.०० |
| ८८. | ५।२०७६।६।१० प्रतिस्पर्धाको माध्यामबाट टेक डिपो प्रा.लि. बाट उड कटिङ्ग मेशिन खरिद गरेवापत उक्त प्रा.लि.लाई मू.अ.कर वाहेक रु.४८,५९,०००.०० भुक्तानीमा निम्नानुसार देखियो ।<br>१. सार्वजनिक खरिद नियमावली २०६४को नियम ११५(१)मा सार्वजनिकक निकायले अपुर्ती गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गराउनु पर्ने उल्लेख छ । ई विडिङको माध्यामबाट छनोटमा परेको सप्लायर्सले टेण्डर डकुमेण्टमा सप्लाई गरिने उड कटिङ्ग मेशिनको स्पेशिफिकेशनमन तोकेअनुसार र सामानको कन्ट्री अफ ओरिजिन पोल्याण्ड हुने र उड मिजार कम्पनी (Wood Mizer) मा निर्मित हुन उल्लेख छ । उक्त मेशिन खरिद गर्नु पुर्वको स्थलगत रुपमा निरीक्षण अवलोकन गर्न नगर प्रमुख, मेकानिकल इन्जिनियर सहित तीन जना मित्रराष्ट्र चीनको भ्रमण गरी रु.६,००,०००.०० खर्च गरेको विवरणले उल्लख छ । सप्लायर्सले सामान डेलिभर गर्दा उक्त सामान पोल्याण्डमा निर्मित भएको र टेण्डर विड गर्दा तोकिएको कम्पनीको पठाएको प्रमाण देखिदैन । तसर्थ तोकिएको गुणस्तर र मापदण्ड भित्रको सामान प्राप्त भए नभएको विषयमा छानविन गरी पंतवेदन पेश गर्नुपर्ने रु. | ४८,५९,०००. |

| कार्यालयको नाम : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम | | आ.व. २०७६।७७ |
|---|---|---|
| **द.फा** | **भौ.नं, मिति र ब्यहोरा** | **बेरुजू रकम** |
| | २. उड फ्याक्ट्रीको लागि तयार भएको भवनमा १८ महिना अगाडी खरिद गरिएका उड कटिङ्ग मेशिन लेखापरीक्षण अवधी २०७७ पौष मसान्त सम्म जडान नभएको र संचालनमा नआई त्यसै अलपत्र अवस्थामा रहेको छ । सो सञ्चालनको कार्यविधी, सम्झौता लगायतका कागजात लेखापरीक्षणको अवस्थामा पेश हुन आएन ।  | |
| ८९. | १२।२०७६।६।१४ बढी भुक्तानीः गणतान्त्रिक श्रम सहकारी संस्था लिमिटेडलाई ह्यूम पाइप खरिद गरेवापत रु.२५,६१,५००.०० भुक्तानी दिएकोमा निम्नानुसनर देखियो ।<br>**१.** उपभोक्तालाई रकम भुक्तानी पुर्व पालिककाले तयार गरेको दर विश्लेषण अनुसारको दररेट राखी कार्य विल तयार गर्नु पर्दछ । उपभोक्ताले खरिद गरी ल्याएको ६० एम एम एच पि ई ह्यूम पाइप प्रति मिटर रु. ६,४००.००को दरले कार् विलमा उल्लेख गर्नुपर्नेमा रु.७,१०७.६० दर राखी प्रति मिटर रु.७०७.६० बढी दर राखी २५० मिटरको रु.१,७६,९००.०० पभोक्ताको योगदानको अनुपातिक कट्टी गरी उपभोक्ताबाट असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु.<br>**२.** ह्यूम पाइप वागेश्वरी ह्यूम पाइप उद्योग, बाँकेबाट खरिद गरी ढुवानी वापत २५० मिटर अर्थात १०० गोटाको रु.८,१०,०००.०० भुक्तानी लिएको छ । प्रति मिटर रु. ३२४०.०० को दरले भुक्तानी खर्च लेख्ने प्रमाणिक अधारको प्रमाण संलग्न फाटवारीमा देखिएन तसर्थ उक्त खर्च वास्तविक हो होइन एकिन गरी बढी खर्च भए छानविन गरी प्रतिवेदन पेश हुनुपर्ने रु.<br>**३.** ह्यूम पाइप गाड्नको लागि नापी किताबमा २५० मिटर लामो,९०से.मी. फराकिलो र ९०से.मी. गहिरो गरी २०२.५० घनमिटर भएको उल्लेख गरेको छ । तर कार्य विलमा २९६.२५ घनमिटर राखी रकम भुक्तानी दिएको हुंदा ९३.७५ घन मिटर बढी परिमाणको प्रति घन मिटर रु.८७६.१७ को दरले रु.८२,१४०.९३ बढी भुक्तानी भएकोले बढी भुक्तानी रकम उपभोक्ताबाट असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु | १,७६,९००.००<br>८,१०,०००.००<br>८२,१४०.९३ |
| ९०. | १७।२०७६।६।१५ पसाने भैरवघाट प्रतिक्षालय तार जाली निर्माण उपभोक्ता समितिलाई तटवन्धको कार्य गरेको कारण सम्झौता अनुसार रु.२०,१६,२०८.०० भुक्तानी दिएको छ । उपभोक्ताले रकम भुक्तानी लिन पेश गरेको खरिद विल एवं कार्यविल र कार्य सम्पन्न प्रतिवेदन परीक्षण गर्दा तटवन्ध लगायत ब्याक फिलिङ्ग ५४० घनमिटर गरेको देखाई प्रति घनमिटर रु.७५१.०० को दरले रकम भुक्तानी लिएको छ । संलग्न फांटवारीमा ३९८ घनमिटर मात्र | |

| कार्यालयको नाम : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम | आ.व. २०७६।७७ | |
|---|---|---|
| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
| | हुनुपर्नेमा १४२ घनमिटर बढी देखाई प्रति घनिटर रु.५५१.०० को दरले रु.७८,२४२.००बढी भुक्तानी लिएको हुँदा बढी भुक्तानी रकम उपभोक्ताबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ७८,२४२.०० |
| ९१. | ५०।२०७६।८।१८ गिजागाउ चौर सिंचाई उपभोक्ता समितिलाई सिंचाईको कार्य गरे वापत रु.६,५५,५०६.००भुक्तानी दिएको छ । संलग्न फाटवारी अन्तर्गत कार्य वलमा पाइप लाइन खने बापत ११३ घनमिटरको प्रतिघनमिटर रु. ८९७.२७ को दरले रु.९९३५७.६८ समेत भुक्तानी लिएको छ । उपभोक्ताले निर्माणस्थलको संलग्न गरेको फोटोमा चट्टान माथि पाइप राखेको देखिएकोले नभएको कामको समेत रकम भुक्तानी भएकोले उक्त रकम उपभोक्ताबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ९९३५७।६८ |
| ९२. | ६६।२०७६।८।१२ कार्य सम्पन्न प्रतिवेदनः अर्ग्यानिक मसला उद्योगको भवन निर्माण उपभोक्ता समितिलाई भवन निर्माण गरेवापत रु.५,३२,९४७.०० भुक्तनी दिएको छ । संलग्न फाटवारीमा निर्माण भएको कामको कार्य सम्पन्न प्रतिवेदन नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु। | ५,३२,९४७।०० |
| ९३. | १०२।२०७६।९।२३ स्थानीय सरकार संचालन ऐन२०७४ को दफा८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीयतह ले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। त्यस्तै अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका को परिच्छेद७को ७.४.१बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थमन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ देहायका पदाधिकारीलाइ पालिकाले फिल्ड भत्ता बापत श्रावण देखी मंसिर सम्मको रु ४,०५,१२५.०० खर्च लेखेको छ ।उक्त खर्च लेख्न पाउने आधार प्रमाण नभएकोले असूल हुनु पर्ने रु | ४,०५,१२५।०० |

| सि.नं. | नाम थर | पद | रकम |
|---|---|---|---|
| १ | राम बहादुर केसी | प्र प्र अ | ७०,६५५.०० |
| २ | ई. ठगेन्द्र चन्द | इ | ६२,८२५.०० |
| ३ | रत्न बहादुर परियार | सदस्य-सचिव | ४६,५६७.५० |
| ४ | यज्ञ प्रसाद पोखरेल | आसाई। | ४६,५६७.५० |
| ५ | गोपाल चन्द | आसाई। | ४६,५६७.५० |
| ६ | शैलेन्द्र कुमार शाह | आसाई। | ४६,५६७.५० |
| ७ | सेते बुढा | आसाई। | ४६,५६७.५० |
| ८ | मनराज केसी | अमिन | ४६,५६७.५० |
| | | जम्मा | ४,०५,१२५.०० |

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९४. | १११।२०७६।९।२८ नगर प्रहरीबाट निर्माण कार्यः विभिन्न स्थानको पहिरो पन्छाउने र सडक मर्मत गरेवापत नगर प्रहरी निराजन विकलाई रु.२५,५१,४०४.०० भुक्तानी भएकोमा निम्नानुसार कैफियत देखिएको छ ।<br>**क.** शान्ती सुरक्षाको लागि नियुक्त भएका नगर प्रहरीलाई सामान्य अवस्थामा पहिरो पन्छाउने कार्य गर्न कायदिश दिई कार्य गराउनु उपयुक्त देखिदैंन । साथै नगर प्रहरीले पालिकामा आफ्नै मेशिन कार्यविहिन (Idle) अवस्थामा रहेपनि अन्य कम्पनीका व्यवसायी सँग सम्झौता गरी काम गराउनु मितव्ययीताको दृष्टिले उपयुक्त देखिदैन । | |

**कार्यालयको नाम** : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम **आ.व. २०७६।७७**

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **ख.** मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १२ मा मू.अ.कर दर्ता भएका फर्मले रीतपुर्वकको विल जारी गर्नुपर्दछ । नगर प्रहरीले देहायका कम्पनी सँग समबन्धित व्यक्तिसँग सम्झौता गरी काम गराएको देखियो । निर्माण व्यवशायीले ऐन अनुसार विजक जारी नगरी भरपाईको अधारमा रकम भुक्तानी लिएको हुदा मू.अ.कर र मूल्य अभिवृद्धि कर ऐन २०५२ अनुसार लाग्ने जरीवाना समेत हिसाव गरी असुल गरेको रकम संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु | ३,१७,०१४।०९ |

| सि. नं. | निर्माण व्यवशायीको नाम | विल रकम रु. | मूल्य अभिवृद्धि कर रु. | जम्मा रकम रु. | आय कर रु. | असुल गर्नुपर्ने रु. |
|---|---|---|---|---|---|---|
| १ | आर.पि.एन. कम्पनी प्रा.लि.,राजेन्द्रजंग शाह(६०९७३७३६७) | १५८१८७१.७० | २०५६३६.३० | १७८७४५४.०० | २३७२७.२६ | २२९३५३.५६ |
| २ | सुरेश वि.क,नलगाड कन्स्ट्रक्सन(६०६५९४४५७) | ६०४४८६.७३ | ७८५८६.२७ | ६८३०७०.०० | ९०६७.३० | ८६६५०.५७ |
| | **जम्मा** | **२१,८३,३०४.४३** | **२,८४,२१९.५३** | **२४,७०,५२४.००** | **३२,७९४.५६** | **३,१७,०१४.०९** |

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **ग.** नगर प्रहरी निराजन वि।कले विभिनन्न खर्च वापत रु.८०,८८०.०० भुक्तानी लिएको छ । पालिका भन्दा बाहिरको निर्माण कम्पनी को डोजर प्रयोग गरेपछि उक्त खर्च लाग्ने देखिदैंन तसर्थ पुष्टी वेगरको खर्च रकम निजबाट असुल गरी संचितकोष दाखिला गर्नुपर्ने **रु.** | ८०,८८०।०० |
| ९५. | २०४।२०७७।३।३१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६)मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । श्री गणतान्त्रिक श्रम सहकारी संस्था लि।लाई नगरपालिकादेखी मसानघाट सम्मको बाटो निर्माण गरेवापत रु.१४,००,०००.०० दिएको छ । उपभोक्ताले पेश गरेको विल भरपाई परीक्षण गर्दा पालिकको दर विश्लेषण अनुसार पि सि सि १*३*६ २२.५० घनमिटर आर सि सि १*२*४ को ६३.३७ घनमिटर र मेशिनरी वाल १*६ को ८६.२४ घनमिटर को लागि ६८८ बोरा सिमेण्ट लाग्ने देखिन्छ । तर उपभोक्ताले बढी रकम लिने उद्देश्यले ८१० बोरा खरिद गरको विल राखी १२२ बोरा बढीको प्रति बोरा खरिद दर रु. ८७०.०० ले हुने रु.१,०६,१४०.०० बढी भुक्तानी लिएकोले बढी भुक्तानी रकम असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु। | १,०६,१४०।०० |
| ९६. | १६९।२०७७।२।२।२० **थप व्ययभारः** पालिकामा भएका सवारी साधन ट्र्याक्टर डोजर लगायत उपकरणको तेश्रो पक्ष वीमा गर्नुपर्दछ । नगरपालिकाको रा१द १४ नं.को ट्र्याक्टरले एक व्यक्ति (जित सिंह परियार)को मृतयू भएकोले मृतक परियारलाई क्षतिपुर्ती स्वरुप रु.१०,०७,५६०.०० भुक्तानी दिएको छ । पालिकाले तेश्रो पक्ष बीमा नगरेको कारण थप व्ययभार पर्न गएकोले यसतर्फ ध्यान जानु जरुरी छ | |
| ९७. | १९।२०७६।६।१९ **मोटर खरिदः** अग्नी इन्कर्पोरेटेड प्रा।लि।बाट महिन्द्रा स्करपियो मोटर खरिद गरी रु।३७,४५,०००।०० भुक्तानी दिएको देखियो ।उक्त मोटरको भौतिक अवलोकन गर्न माग गर्दा उक्त मोटर सल्यान जिल्लामा दुर्घटना ग्रस्त अवस्थामा रहेको जवाफ प्राप्त भएको छ । सरकारी सम्पती लामो समय सम्म नहुंदा सम्पती नोक्सान हुने जोखिम देखियो तसर्थ उक्त मोटर यथासिघ्र | |

| कार्यालयको नाम : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम | | आ.व. २०७६।७७ |
|---|---|---|
| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
| | कार्यालयलाई थप व्ययभार नपर्नेगरी वारेण्टी अनुसारको मर्मत र तेश्रो पक्षको बीमाबाट मर्मत संभार गरी संरक्षण गर्नुपर्दछ । | |
| | **कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रमः** | |
| | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम रु ४,९९,३२,१३८ खर्च भएको विवरण पेश भएको छ । | |
| ९८. | ६१।२०७७।३।२९ **बढी भूक्तानीः** उपभोक्तालाई रकम भूक्तानी दिदा वास्ताविक कामको नापी गरेर मात्र रकम भूक्तानी दिनु पर्दछ । खार खारा खन्नेतरा सिंचाई मर्मत उ. स. लाई सिंचाईको कार्य गरेवापत रु. १३८,२७० भूक्तानी दिएको छ । उपभोक्ताले पेश गरको कार्य विलमा १०२३ घनामिटर खनेको देखिएको स्थान चट्टान भएको र चट्टान नखनि पाईप राखेको हुदां कार्य विलमा पाईप राख्न खनेवापतको रु. २५,४८४।३४ उपभोक्ता समितिको योगदानमा अनुपातिक कट्टि गरि असूल गर्नु पर्ने रु. | २५४८४।३४ |
| ९९. | ५७।२०७७।३।२९ कृषकलाई अनुदानको रकम उपलब्ध गराउदा कार्य विधिमा तोकिएको अनुसार मात्र खर्च लेख्नुपर्दछ । गैरीपातल सहकारी संस्था लिमिटेडलाई किविको विरुवा कृषकलाई वितरण गरेवापत कन्टिन्जेन्सी कटाई रु १७,३३,००० भूक्तानी दिएको छ । सहकारीले पेश गरेको फांटवारीमा एस. आर. फलफुल नर्सरी फार्मबाट ५००० विरुवा प्रति विरुवा रु ३०५ को दरले रु १५,२५,००० ढुवानी वापत रु ५०००० समेत रु १५,७५,००० उल्लेख छ । कार्यविलमा किवि विरुवा सार्न खाल्डा खन्ने रु १४,२१,०७३।९८ खाल्डा पुर्न रु ७१०,५२८।६९ समेत रु ३७,०६,६०२।६७ को कार्य वाल तयार गरेको छ । निर्देशिका एवंम कार्यविधिमा विरुवाको ५० प्रतिशत अनुदान र ढुवानी भाडा पुरै रकम दिने उल्लेख छ । उक्त प्रकृया अनुसार विरुवाको रु ७,६२,५०० र ढुवानी रु ५०,००० समेत रु ८,१२,५००।०० मात्र भूक्तानी दिनुपर्नेमा रु १७३३०००।० भूक्तानी दिएकोले बढी भुक्तानी रु ९,२६,५००।० सम्बन्धित सहकारीबाट असूल गरि संचितकाषमा दाखिला गर्नुपर्ने रु. | ९२६५००।०० |
| १००. | ६३।२०७७।३।३० **बढी इन्धनः** सार्वजनिक खर्च नियमावली २०६४ को ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । चिसापानी डांडा फारुला कृषि सडक उपभोक्ता समितिलाई कृषि सडक निर्माण गरेवात १५,००,०००। भूक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको फांटवारीमा बाटो निर्माण गर्दा मेशिन प्रयोग गरी बाटो बनाएकोले १६० घण्टा मेशिन प्रयोग हुदां औषत प्रतिघण्टा १२ लिटरले १,९२० लिटर लाग्नेमा एभर ग्रिन फ्यूल सप्लायर्सबाट बांके ५६६० लिटर खरिद गरी लाग्ने भन्दा ३७४० लिटर बढी खरिद गरेको देखाई रु ३१७,९००। बढी भूक्तानी लिएको देखिएकोले बढी भूक्तानी रकम सम्वन्धित उपभोक्ता समितिबाट असूल गरि संचितकोषमा दाखिला गर्नुपर्ने रु. | ३१७९००।०० |
| १०१. | ३८।२०७७।३।२३ गोरेटो बाटो तथा कृषि सडक निर्माण समितिलाई गोरेटो बाटो निर्माण गरेवापत सम्झौता अनुसार रु ३८,३१,४६९। भूक्तानी दिएकोमा उपभोक्ताले पेश गरेको फांटवारी परीक्षण गर्दा निम्न अनुसार कैफियत देखिएको<br>(क) उपभोक्तालाई रकम भुक्तानी दिदा खरिद विल अनुसारको प्रमाणित खर्चमात्र भूक्तानी दिनुपर्दछ । उपभोक्ताले ग्याविन वक्स खरिद नगरेको र नगरपालिकाबाट ग्याविन वक्स प्राप्त नगरेको अवस्थामा कार्यविलमा लिएकोले वक्समा ढुङ्गा भरेवापत ६४ घनमिटरको रु २६४२ को दरले रु १,६९,१५२। भूक्तानी लिएकोले सोको अप्रमाणित खर्चमा उपभोक्ताको अनुपातिक कट्टि गरि असूल गर्नुपर्ने रु.<br>(ख) गोरेटो बाटो निर्माण गर्ने क्रममा कडा माटो ४४३३.४५ घनमिटर सामान्य चट्टान | १६९१२५।०० |

**कार्यालयको नाम** : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम **आ.व. २०७६।७७**

| **द.फा** | **भौ.नं, मिति र ब्यहोरा** | **बेरुजू रकम** |
|---|---|---|
| | ३९५३.८० घनमिटर र कडा चट्टान ७९.७९ घनामिटरको कार्य विलमा राखि सकेपछि पुन वोल्डर मिक्स ग्रावेल १२३२.९८ घनामिटर राखी प्रति घ. मि. रु ३६३.०२ को दरले रु ४,४७,५९७। भूक्तानी लिएको हुदां गोरेटो बाटोमा ग्रावेल नराखेको र पहिलाको चट्टान कटिङ्गले नै पर्याप्त हुने हुदां नपाउने रकम उपभोक्ताबाट असूल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ४४७५९७।०० |
| १०२. | ४४।२०७७।३।२१ बढी खर्चः उपभोक्तालाई संम्झौता अनुसारको रकम उपलब्ध गराउदा तोकिएको कामको तोकिएको दरमा रकम भुक्तानी दिनुपर्दछ । जिजागाड देखि राडि वगर सिंचाई कुलो निर्माण उपभोक्ता समितिलाई पहिरो पन्छाए वापत रु ४,९७,२६०। खर्च लेखेको छ । उपभोक्ताले पेश गरेको खर्च फांटवारी र कार्य विल परीक्षण गर्दा ९२८.८० पहिरो पन्छाउने काम र खन्नेकाम मानिसबाट गरेको देखाई क्रमस रु ३४२.८० र ४८०.८० को दरले रकम भूक्तानी लिएको देखियो । उक्त काम मेशिनबाट गरेको देखिदा कुल १४०.८० घनमिटर कामको प्रतिघनमिटर रु ५६.५८ को दरले रु ७९,७१०। भूक्तानी हुनुपर्नेमा रु ४,७९,२६०। भूक्तानी भएकोले बढी भूक्तानी भएको रु ३,९९,५५०। नापी गर्ने प्राविधिक कर्मचारीलाई समेत जिम्मेवार वनाई उपभोक्ताबाट बढी भूक्तानी रकम असूल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ३९९५५०।०० |
| १०३. | ४५।२०७७।३।३१ बघशाला उनापाती उपभोक्ता समितिलाई तटबन्धको कार्य गरेवापत रु २७०,०००। खर्च लेखेको छ । संलग्न फांटवारीको विवरणमा कार्यविलमा २"१"१ साईजको ग्याविन २३ गोटा खरिद गरेको र फिलिङ्ग ४६ घनमिटर राखेको छ । उपभोक्ताले डि. वि. निर्माण सेवाको विल राखी ३"१"१ को ७ पिस र २"१"१ को १२ पिस खरिद गरेको देखाएको छ । ग्याविनको खरिद साईज र कार्यविलमा साईज मिल्ने देखिदैन । खरिद संख्या १९ लाई आधारमान्दा ४ गोटो बढी ग्याविन वक्सको प्रति ग्याविनको रु ३४४२ को दरले रु १३,७६८। र फिलिङ्ग ८ घनमिटरको प्रति घनामिटर रु २६४३.७५ को दरले हुने रु २११५०। समेत रु ३४,९१८। उपभोक्तालाई बढी भुक्तानी भएको हुदां उपभोक्ताबाट बढी भूक्तानी भएको रु ३४९१८। असूल गरी संचित कोषमा दाखिला गर्नुपर्न रु. | ३४९१८।०० |
| १०४. | ३५।२०७७।३।३१ उपभोक्तालाई संम्झौता अनुसार रकम उपलब्ध गराउदा दर विश्लेषणमा भएको दर अनुसार दिनु पर्दछ । तटबन्ध निर्माण गरेवापतलाई रकम उपलब्ध गराउदा ढुङ्गा पाउने स्थान पालिकाको खरिद दर कलेक्सन र मिलाईने खर्च समेत हिसाव गरी दिनुपर्दछ । उपभोक्ताले नदि छेउमा तटवन्ध निर्माण गरेको भौतिक अवस्था परीक्षण गर्दा ढुङ्गा खोलामा पाईने छ र खरिद गर्नुपर्दैन भने दर विश्लेषण अनुसार प्रतिघनामिटर कलेक्सन दर १ म्यान्डेजले रु ६६५ र मिलाउने दक्ष ज्यामी ०.३ रु ८८० को रु २६२ र अदक्ष ज्यामी ०.७५ ले रु ६६५ हुने रु ४९८.७५ समेत रु ७६२.७५ समेत कुल एक घनमिटरको दर रु १४२७.७५ हुनुपर्नेमा नियम अनुसार बढी दर राखि भूक्तानी दिएकोले उपभोक्ता समितिको योगदानको अंश अनुपातिक कट्टि गरी बढी भूक्तानी असूल गर्नुपर्ने रु. | ६६५७२५.२७ |

| **सि. नं.** | **भौ. नं. र मिति** | **उपभोक्ता समितिको नाम** | **इकाई** | **लिएको दर** | **बढी दर** | **बढी भूक्तानी** |
|---|---|---|---|---|---|---|
| १ | ३५।२०७७।३।३१ | पुल्ने तथा ठुलिभेरी तटबन्ध निर्माण उ. स. | १३० घ.मी. | २६४३.७५ | १२१६ | १५८०८० |
| २ | ३२।२०७७।३।३१ | भरी नदी तटबन्ध निर्माण उ.स. | १८९ घ.मी. | २६४३.७५ | १२१६ | २२९८२४ |
| ३ | २२।२०७७।३।२९ | भरी नदी तटबन्ध निर्माण उ.स. | १९७.५ घ. मी. | २८४३.४४ | १४०६.६९ | २७७८२१.२७ |
| | | | | | **जम्मा:** | ६६५७२५.२७ |

| **द.फा** | **भौ.नं, मिति र ब्यहोरा** | **बेरुजू रकम** |
|---|---|---|
| १०५. | ३०।२०७७।३।३१ वघशाला खानेपानी उ. स. लाई खानेपानीको कार्य सम्पन्न गरेवापत रु ३९५०००। भुक्तानी दिएको छ । संलग्न फांटवारीमा रहेको कार्यविलमा ३१०० मिटर खानेपानी कोलागि खन्नेकाम २३२ घनमिटर नापी भएपनि २५० घनमिटर खनेको देखाई १८ घनमिटर | |

| **कार्यालयको नाम** : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम | | **आ.व. २०७६।७७** |
|---|---|---|
| **द.फा** | **भौ.नं, मिति र ब्यहोरा** | **बेरुजू रकम** |
| | बढीको प्रतिघनमिटर रु ९३१.५३ को दरले रु १६३०१.७५ बढी भूक्तानी भएकोले उपभोक्ताको योगदानकाको अनुपातिक कट्टि गरि असूल गर्नुपर्ने गरि संचित कोषमा दाखिला गर्नुपर्ने रु. | १६३०१.७५ |
| १०६. | २६।२०७७।३।३० निर्माण कार्यको खर्च भूक्तानी गर्दा मानिसबाट गराएको भए दर विश्लेषण अनुसार मानिसको र मेशिनबाट भए मेसिनको दरमा रकम भूक्तानी दिनुपर्दछ । सरस्वती मा.वि. मग्री वडा नं. ५ मा खेलकुद स्थल १५५२.५० घनमिटर सम्याएको जनाई कार्य विलमा मानिसबाट कार्य गरेको देखाई रु ७९७५३४.७७। को कार्य सम्पन्न तयार गरि रु ६७५०००। खर्च लेखेको छ । प्रतिघनमिटर रु ५१३.७१ को दरले उक्त विद्यालयमा प्रधानध्यापक र इन्जिनियरको रोहवरमा फिल्ड निर्माणको कार्यवारे छलफल हुदां हेमान्त भन्ने व्यक्तिको डोजर प्रयोग गरी फिल्ड सम्माएको जानकारी दिएको हुदां मेसिनको दर रु ६४.१६ सट्टा मानिसको कृतिम विल तयार गरी रकम भूक्तानी लिएको देखियो । मेशिन प्रयोग गरेपछि मेशिनको दर रु ६४.१६ ले १५५२.५० घनमिटरको ९९६०८.४०। उपभोक्ताको योगदान कट्टि रु ८९६४७। भूक्तानी दिनुपर्नेमा कन्टिन्जेन्सी बाहेक रु ६०७५००। भूक्तानी दिएकोले बढी भूक्तानी दिएको रु ५१७८५३। बढी भूक्तानी भएको हुदां गलत नापी गरि विल तयार गर्ने प्राविधिक कर्मचारी समेतलाई जिम्मेवार बनाई उपभोक्ता समितिबाट असूल गरि संचित कोष दाखिला गर्नुपर्ने रु. | ५१७८५३।०० |
| १०७. | १८।२०७७।३।२८ टेन्डरको माध्यमबाट न्यू देवकोटा हार्डवेयर एण्ड सप्लायर्सबाट २“१“१ साईजको ५६७ थान र १.५×१×१ मार्फतको २२१ थान ग्याविन बक्सको मुल्य समेत रु २५२४४५०। मा खरिद गरेको मा निम्न अनुसार कैफियत देखिएको रु.<br>(क) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर वमोजिमका भए नभएको निरिक्षण एवंम परीक्षण गर्नुपर्ने उल्लेख छ । रकम सम्बन्धी फांटवारी खरिद गरिएका ग्याविन वक्सको नियम अनुसार गुणस्तर परीक्षण गरिएको छ । टेन्डर डकुमेन्टमा सामानको स्पेशिफिकेशन हार्टकोटड उल्लेख भएको र विडरले पनि सोही गुणस्तरको सामान सप्लाई गर्ने उल्लेख गरेपनि सामान प्राप्त भएपछि गुणस्तर परीक्षण नहुदा तोकिएको मापदण्ड भित्रको गुणस्तर यूक्त भए नभएको गर्न सक्ने स्थिति रहेन ।<br>ख)पालिकाले खरिद गरेको केहि ग्याविन वक्सहरु प्रधानमन्त्री\मुख्यमन्त्री लगाएका कार्यक्रममा तटवन्ध तथा सडकमा प्रयोग भएको देखिएको छ । पालिकाले एकमुष्ट रुपमा चार उपभोक्ता समितिलाई सोझै कमाएको देखिएकोमा उक्त ग्याविन वक्स पुरै विडरहरु रुपमा उपभोक्ताले प्राप्त गरि कार्य विलमा चढाई कार्य सम्पन्न भएको विवरण पेश हुन आएन । सडक सपछि लगाएतका कार्यगर्ने उपभोक्ता समितिले सोही ग्याविन प्रयोग गरि दोहोरो भूक्तानी लिने जोखिम कायमै रहेकोले उक्त ग्याविन प्रयोग भएको कार्य सम्पन्न प्रतिवेदन तथा उपभोक्ताले दोहोरो भूक्तानी नलिए आश्वस्त हुने प्रमाण पेश हुनुपर्दछ । | २५२४४२०।०० |
| १०८. | १४।२०७७।३।२५ बढी विल भूक्तानीः नगर अस्पताल सडक तथा घेरावार निर्माण उपभोक्ता समितिलाई नगर अस्पतालमा फोहोर फाल्ने खाल्डो निर्माण गरेवापत रु १०५४८५६। भूक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको कार्य विलमा स्टोर मेशिनरी वाल १:४ को ६५.६८ घनमिटर देखाएको छ । उपभोक्ता समितिबाट प्रमाणित विलमा नईन सिहं घर्ती संग ४१ घनमिटर ढुङ्गा खरिद गरेकाको देखिएको छ । पालिकाको दरविश्लेषण अनुसार खरिद ढुंगाबाट (४१-१.१) ३७.२७ घनमिटर मात्र वाल लाग्ने देखिन आयो । तसर्थ वास्ताविक ३७.२७ घनमिटरको नापी हुनुपर्नेमा ६५.६८ नापी गरेको देखिदा बढी नापी भएको २८.४१ घनमिटरको प्रतिघनमिटरको १२१६३.१२ को दरले रु ३४५५५४.२३ उपभोक्तालाई बढी भुक्तानी भएको हुदां उपभोक्ताको योगदानको अनुपातिक कट्टि गरि बढी भूक्तानी भएकोमा नापी गर्ने प्राविधिकलाई समेत जिम्मेवार वनाई उपभोक्ता समितिबाट असूल गरि संचितकोषमा दाखिला गर्नुपर्ने रु. | ३४५५५४.२३ |
| १०९. | १३।२०७७।३।२५ चालक जीवन वुढालाई पालिकाको डोजर प्रयोग गरी सडक मर्मत गरेवापत | |

**कार्यालयको नाम** : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम **आ.व. २०७६।७७**

<table>
<tr><th>द.फा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>रु १५०३८८। भूक्तानी दिएको छ । चालकले माउन्ट एभरेस्ट इन्टरप्राइजेजबाट ६६७ लिटर इन्धन रु ५७६९६। मा खरिद गरि विल संलग्न गरेको फांटवारीमा देखियो । वास्ताविक विल भन्दा रु ९२६९२। बढी निजले भूक्तानी लिएको हुदां बढी भूक्तानी भएको रकम निजबाट असूल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>९२६९२।००</td></tr>
<tr><td>११०.</td><td>१०।२०७७।३।१५ सामान आपूर्ती गर्ने रकम भूक्तानी दिदा सक्कल विल संलग्न गरेर मात्र भूक्तानी दिनुपर्दछ । ठुली भेरी इन्जिनियरिङ्ग एण्ड टेक्निकल ट्रेनिङ्ग वहुसेवा प्रा. लि. लाई सोलार हिटर र ट्यूव सोलार फिल्टर १\१ सेट आपुर्ति गरेवापत रु ३५८३५०। भूक्तानी दिएको छ । संलग्न फाटवारीमा सामान आपूर्तिको सक्कल विल भरपाई पेश नभएकोले मू.अ. कर सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गरेको प्रमाण पेश गर्ने रु.</td><td>४१२२६।१०</td></tr>
<tr><td>१११.</td><td>४।२०७७।२।२० कोरोना आईसोलेसन अस्पताल: कोरोना आईसोलेसन अस्पताल निर्माण उपभोक्ता समितिलाई कोरोना अस्पताल (लोड वेरिङ्ग रिगटमको RCC भवन) निर्माण गरेवापत रु ९९४९३९८। भूक्तानी गरेकोमा निम्न अनुसार कैफियत देखिन आयो ।<br>(क) आईसोलेशन भवन निर्माण समितिका अध्यक्ष शेर बहादुर आली समेतको रोहवरमा अस्पताल भवनको निरिक्षण भयो । निरीक्षणको क्रममा र रकम भूक्तानी सम्बन्धी फांटवारी परीक्षण गर्दा सामुदायीक वनबाट काठ विउहरु प्राप्त गरि प्रयोग गरेको स्थानीयले सम्झौता अनुसार भन्दा बढी निशुल्क श्रमदान गरेको कारण पालिकाकम बचेको रकम मिति २०७७।१।२८ मा रु १०,०००। र मिति २०७७।२।५ मा रु ११,९३,४३०। समेत रु १२,०३,४३०। उपभोक्ता समितिका अध्यक्षले फिर्ता गर्काकव देखियो । उक्त रकम संघीय सरकाको ससर्त अनुदानबाट प्रदान गरिएको मा बचत रकम संघीय संचितकोषमा फिर्ता गर्नुपर्नेमा पालिकाको आफ्नै खातामा राखेको छ । तसर्थ उक्त रकम संघीय कोषमा फिर्ता हुनुपर्ने रु.</td><td>१२०३४३०।००</td></tr>
<tr><td>११२.</td><td>अनुपातिक कट्टि नगरेको: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६)मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । कृषिसडक लगायत सिंचाईको कार्य गर्ने उपभोक्ता समितिबाट यस नियमावलीको पालना भएको छैन । कार्यालयले पनि उपभोक्तालाई रकम दिनुपुर्व सम्झौता अनुसार उपभोक्ताको योगदानको रकम कट्टा गरी रकम भुक्तानी दिनु पर्दछ ।उपभोक्ताले रकम भुक्तानी लिन पेश गरेका खर्च सम्बन्धी फाँटवारी परीक्षण गर्दा सडकको सफ्ट स्वायल, हार्ड स्वायल सफ्ट रक हार्ड रक कटिङ्ग गर्न मेशिन प्रयोग गरेको र मेशिनको लागि अवश्यक इन्धनको खर्चको विल संलग्न गरेको देखियो । भुक्तानी सम्बन्धी विल एवं कार्यसम्पन्न प्रतिवेदनमा मानिसले काम गरेको देखिदैन । मेशिनबाट काम गराउदा भुक्तानी लिएको रकम एवं भुक्तानी भन्दा वास्तविक खर्च कम लागेको देखिन्छ । सोही वास्तविक खर्चको आधारमा उपभोक्ताको १५ प्रतिशत योगदान कट्टा गरी रकम भुक्तानी दिनुपर्नेमा उपभोक्ताको योगदान कट्टा नगरेको र कृतिम मष्टरोल तयार गरी देहाय अनुसार बढी भुक्तानी लिएकोमा खर्च प्रमाणित गर्ने कर्मचारी एवं नापी गर्ने प्राविधिक समेतलाई जिम्मेवार बनाई असुल उपर गर्नुपर्ने रु
<table>
<tr><th>भौ. नं. मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कार्यक्रम</th><th>भूक्तानी रकम</th><th>भूक्तानी दिनुपर्ने</th><th>बढी भूक्तानी</th></tr>
<tr><td>६५।२०७७।३।३०</td><td>लामाघारा कृषि सडक उ. स.</td><td>कृषि विकास रणनीति</td><td>५९२५५२</td><td>४९९४८२</td><td>९३०७०</td></tr>
<tr><td>६३।२०७७।३।३०</td><td>चिसापानी डांडा फारुला कृषि सडक नि. स.</td><td>कृषि विकास रणनीति</td><td>१५००००० </td><td>१०७२२८७</td><td>४२७७१३</td></tr>
</table></td><td>१२४८५००।००</td></tr>
</table>

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ५२।२०७७।३।२६ | मुहा खोला गौरिपातल कृषि सडक नि. उ. स. | कृषि विकास रणनीति | १४१००००० | ५२९२०० | ५८८०० |
| ४८।२०७७।३।२६ | रिम्का चौसिला पाति छर्ने कृषि सडक तथा खानेपानी नि. उ. स. | कृषि विकास रणनीति | ५२८४५६ | ४७७००० | ५१४५६ |
| २८।२०७७।३।२२ | नदुवा ठुलीमाई कालाखोला गिजा कृषि सडक | कृषि विकास रणनीति | १८५००००० | १७३९९३३ | ११००६७ |
| २२।२०७७।३।२२ | वडा स्तरिय कृषि सडक नि. उ. स. फल्पा सिमवजार घैरेना | पालिका पूंजीगत | १५०००००० | १३७०५३० | १२९४५० |
| ८३।२०७६।८।२४ | म्यारम खोला सडक | पालिका पूंजीगत | २६०००० | २४८१२० | ११८८० |
| ११९।२०७६।१०।२४ | वडा नं. ११ सडक मर्मत | पालिका पूंजीगत | ९४५२०६ | ८९४९८ | ५०२८ |
| १४१२०७७।२।१४ | ठुली भेरी सडक निर्माण उ. स. | पालिका पूंजीगत | २१७६७२२ | १८१५६८६ | ३६१०३६ |
| | | | | **जम्माः** | १२४८५०० |

११३. **मेशिनको बढी दरः** उपभोक्ताले मेशिन प्रयोग गरेवापतको भाडारकम भूक्तानी दिदा पालिकाले तय गरेको दरमा भूक्तानी दिनुपर्दछ । केही उपभोक्ताले प्रयोग गरेको मेशिनको दररेट परीक्षण गर्दा पालिकाले तोकेको दररेट भन्दा बढी दरमा भूक्तानी दिने गरेको देखियो । पालिकाले तयार गरेको सानो मेशिनको प्रतिघण्टा रु २९२८ र ठूलो मेशिनको रु ३२२८ रहेको छ । सोही आधारमा अधिकतम दर ३२२८ र इन्धन खपत अधिकतम १२०० समेत रु ४४२८ मा नबढ्ने गरि रकम भूक्तानी दिनुपर्ने देहाय अनुसार बढी भूक्तानी दिएको कारण पालिकालाई व्यय भार पर्न गएको देखियो । तसर्थ देहायमा उपभोक्ताबाट बढी भूक्तानी भएको रकम असूल गरि संचित कोषमा दाखिला गर्नुपर्ने रु. — १४२३४७७।०० (बेरुजू रकम)

| भौ. नं. मिति | उपभोक्ता समितिको नाम | कार्यक्रम | घण्टा | भूक्तानी दर | बढी दर | बढी रकम |
|---|---|---|---|---|---|---|
| ६५।२०७७।३।३० | लामाघारा कृषि सडक | कृषि विकास रणनीति | १०८ | ५०८५ | ६५७ | ७०२९९ |
| ५२।२०७७।३।२६ | मोहखोला गौरीपातल सडक | कृषि विकास रणनीति | ब्रेकर ३०<br>वकेट ६० | ८५८८<br>६७८० | ४१६०<br>२३५२ | २८५९२० |
| ३४।२०७७।३।२३ | काफलचौर देखि भजाउने वडा कार्यालय कृषि सडक | कृषि विकास रणनीति | २६९ | ६२०० | १७७२ | ४७६६६८ |
| ३८।२०७७।३।२१ | खार खारा खोला तटबन्ध नि. उ. स. | प्रकोप व्यवस्थापन | ५७ | ६७८० | २३५२ | १३४०६४ |
| ६।२०७७।३।२८ | छेपारे पिपलचौर ज्यामिरेकोट सडक खण्ड(क) समिति | शशर्त अनुदान प्रदेश | ४६२.९४७ | ५२२० | ७९२ | ३६६६५४.१ |
| ५।२०७७।३।२२ | बसेरा खदी सडक निर्माण तथा मर्मत उ.समिति | शशर्त अनुदान प्रदेश | ५२६ | ३०९८.८५९ | १७०.८५९ | ८९८७१.८३ |
| | | | | | **जम्माः** | १४२३४७७। |

११४. **भाडा करः** आयकर ऐन २०५८ को दफा ८८ मा कुनै पनि सवारी साधन वा भाडामा मोटर एस्काभेटर लगाएतका सेवाहरु लिदा भूक्तानी मा तोकिएको प्रतिशतको दरले अग्रिम कर कट्टि गर्नुपर्ने

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | व्यवस्था छ । नगरपालिकाले उपभोक्ता समितिलाई सम्झौता अनुसार विभिन्न निर्माण कार्यको लागि रकम उपलब्ध गराउदा उपभोक्ता समितिले निर्माण कार्यको लागि भाडामा लिई प्रयोग गरेको ट्रक, ट्याक्टर, स्काभेटर लगाएतका सेवाहरु भाडामा लिंदा अग्रिम कर कट्टि वापत उपभोक्ताबाट रकम कट्टा गरी राखेको रु ३१२२४७।०० नेपाल सरकारको संघीय संचित कोषमा दाखिला गर्नुपर्नेमा लेखापरीक्षणको अवधि सम्म दाखिला गरेको प्रमाण पेश नभएको उक्त रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु | ३१२२४७।०० |
| | **८०१०२६३३२ प्रधानमन्त्री रोजगार कार्यक्रमः** | |

११५. १६८।२०७७।३।३० कामका लागि पारिश्रमीकमा आधारित सामुदायिक आयोजना संयोजक तथा व्यवस्थापन कार्यविधि २०७६ को दफा २ मा स्थानीय तहले सुचिकृत गरेको वेरोजगार व्यक्तिलाई प्राथामिकिकरण गरेर रोजगारमा पठाउनुपर्ने उल्लेख गरेपनि पालिकाले वेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन । संलग्न रोजगारीमा प्राथामिकरण उल्लेख गरी वेरोजगारलाई काम उपलव्ध गराएको देखिएन । साथै दफा २१(४) मा श्रमिकको भुक्तानी गर्दा श्रमिकको दैनिक उपस्थितिको अभिलेख अनुसार स्थानीय तहले निर्देशिकाको दफा २७ (२) अनुसार श्रमिकको व्यक्तिगत बैंक खातामा रकम जम्मा गर्नुपर्ने उल्लेख छ । श्रमिकको रकम भुक्तानी सम्वन्धी फांटवारी परीक्षण गर्दा पालिकाले उपभोक्ता समितिको खातामा रकम पठाएकोले वास्ताविक श्रमिकले तोकिए बमोजिमको रकम प्राप्त गरे नगरेको एकिन गर्न सकिएन । पालिकाले ८ वडामा संचालित कार्यक्रममा श्रमिकको ज्याला वापत रु.६६,८९,०००।०० भुक्तानी गरेकोमा वास्ताविक श्रमिकले रकम नपाउने जोखिम कायम भएकोले वास्ताविक श्रम वापतको ज्याला प्राप्त गरेको प्रमाण पेश गर्नु पर्दछ । प्रधानमन्त्री रोजगार कार्यक्रममा देहाएको व्यहोरा देखियो ।

१ निम्न कार्यमा नगरपालिकाले निर्धारण गरेको दररेट भन्दा बढी दररेटमा कार्य सम्पन्न गरेको र ७५ mm ६ के. जी. पाइप खरिद गरि बढी भूक्तानी गरेको रकम असूल गरि संचित कोषमा दाखिला गर्नु पर्ने रु.

| सि. न. | योजनाको नाम | कामको विवरण | परिणाम | दर | जम्मा भूक्तानी | भूक्तानी फरक व्यय |
|---|---|---|---|---|---|---|
| १ | हिमालय माध्यामिक विद्यालय घेरावार निर्माण | stone masonry with mud mortar | १३६.६८ | ४९१२.०४ | ६७११३७७.६३ | ८११९६.१२ |
| २ | झ्यारम खोला धैराना सिंचाइ कुलो मर्मत | पाइप खरिद | ५०० मिटर | ३४० | २०४००० | १४०६५ |
| | | | | | जम्माः | ९५२६१.१२ |

**९५२६१.१२**

११६. आठविसकोट नगरपालिका वडा नं २ स्याला माथीगाउँ सिंचाइ निर्माण गर्दा राम बहादुर थापालाई रु ९८०६८५.०७ भूक्तानी गरेको छ । पाईप लाइन खन्ने काम र उक्त खनेको पाईपलाई पुर्ने कामको इष्टिमेटमा ४०६९ मिटरको लम्वाई राखेकोमा पाईप १००० मिटर मात्र खरिद गरि बढी भूक्तानी गरेको रकम असूल गरि संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| योजनाको नाम | विवरण | परिणाम | दर | जम्मा खर्च | खुद काम | परिणाममा अन्तर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| स्याला माथिगाउँ सिंचाई निर्माण | पाईप लाइन खन्ने काम | ३६९ घन मिटर | १३६१.३४ | ५०२३३४.४६ | ९० घन मिटर | ३०६ घन मिटर | ४१६५७०.०४ |
| | पाईप लाइन पुर्ने | ३७६.११ घन मिटर | ४२८.०९ | १६१००८.९३ | ९० घन मिटर | २८६.११ | १२२४८०.८३ |

**५३९०५०.८७**

**कार्यालयको नाम** : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम **आ.व. २०७६।७७**

| द.फा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | काम | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | जम्माः | ५३९०५०.८७ |

**११७.** निम्न अनुसारमा रोजगार संयोजकलाई कार्य गर्नु पुर्व लागत अनुमानमा तोकिएको वेरोजगार मज्दुर संख्या उल्लेख गरि सम्झौता गरेकोमा कार्य सम्पन्न भइ रकम भूक्तानीको लागि पेश गरेको फांटवारीमा वेरोजगार मज्दुरको संख्या वृद्धि गरि संयोजकले रकम भूक्तानी लिएको देखियो । सम्बन्धित मज्दुरको खातामा रकम जम्मा नगर्ने, रोजगार संयोजकको खातामा रकम जम्मा गर्ने, रकम भूक्तानीको अवस्थामा मज्दुर संख्या वृद्धि गरि मस्टररोल तयार गर्ने गरेको कारण वास्ताविक मज्दुरले रकम नपाउने स्थिति रहेको देखिएको हुदा यथार्थ छानविन गरी प्रमाण पेश गर्नुपर्ने रु

बेरुजू रकम: ६८५०२५।००

| सि नं | टोली नेताको नाम | कार्यको विवरण | सुरुमा पेश गरेको मज्दुर संख्या | रकम भूक्तानी लिदा पेश गरेको मज्दुर संख्या | बढी संख्या | बढी भूक्तानी |
|---|---|---|---|---|---|---|
| १ | श्री नरविर कामी | सडक निर्माण | ७१८ | १२६० | ५४२ | २८०२१४ |
| २ | श्री आयुष शाही | सडक निर्माण | ९७४ | १२८६ | ३१२ | १६१३०४ |
| ३ | श्री मन बहादुर चदारा | सडक निर्माण | १४०९ | १८८० | ४७१ | २४३५०७ |
| | | | | | **जम्माः** | **६८५०२५** |

**ब. उ. शी. नं ८०१०६१०८(शशर्त अनुदान प्रदेश)**

**११८.** **०७।२०७७।३।३० बढी भुक्तानीः** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा विल भर्पाइ सहित राख्नुपर्ने उल्लेख छ । भल्मा घेत्मा हम्पा सडक मर्मत समितिलाई सडक मर्मत तथा ग्याविन वक्स फिलिङ्ग गरेवापत रु १३६३७२५। भूक्तानी गरेको छ । १३० गोटा ग्याविन वक्स खरिदको विल फाटवारीमा संलग्न गरेको तर कार्य सम्पन्न विलमा २२८ गोटा ग्याविन वक्स खरिद गरी र फिलिङ्ग गरेको भनि बढी भूक्तानी गरेको रकम असूल गरि संचित कोषमा दाखिला गर्नुपर्ने रु

बेरुजू रकम: ७९६६६६।४०

| भौ. नं. मिति | उपभोक्ता समितिको नाम | खरिद गरेको | प्रयोग देखाए को | बढी | दर | जम्मा | बढी फिलिङ्ग | दर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ०७।२०७७।३।३० | भल्मा घेत्मा हम्पा सडक मर्मत समिति | २"१"१ ५० गोटा | १२० गोटा | ७० गोटा | ३४४२.५७ | २४०९७९.९ | १४० घनमिटर | २६४३.७५ | ३७०१२५ |
| | | १.५"१"१ | १०८ गोटा | २८ गोटा | २६६१.५९ | ७४५२४.५२ | ४२ घनमिटर | २६४३.७५ | १११०३६.५ |
| | | | | | **जम्मा** | ३१५५०४.४ | | | ४८११६२ |
| | | | | | **कुल जम्मा** | **७९६६६६.४०** | | | |

**११९.** ६।२०७७।३।२८ **बढी इन्धनः** सार्वजनिक खर्च नियमावली २०६४ को ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । बसेरा खदी सडक निर्माण तथा मर्मत उ. समितिलाई सडक निर्माण तथा मर्मत गरेवात १६३००००। भूक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको फांटवारीमा बाटो निर्माण गर्दा मेशिन प्रयोग गरी बाटो बनाएकोले ५२६ घण्टा मेशिन प्रयोग हुदां औषत प्रतिघण्टा १२ लिटरले ६३१२ लिटर लाग्नेमा १०४८६ लिटर खरिद गरी लाग्ने भन्दा ४१७४ लिटर बढी खरिद गरेको देखाई रु ३०८४२९.३८ बढी भूक्तानी लिएको देखिएकोले बढी

| **कार्यालयको नाम** : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम | | **आ.व. २०७६।७७** |
|---|---|---|
| **द.फा** | **भौ.नं., मिति र ब्यहोरा** | **बेरुजू रकम** |
| | भूक्तानी रकम सम्वन्धित उपभोक्ता समितिबाट असूल गरि संचितकोषमा दाखिला गर्नुपर्ने रु. | ३०८४२९.३८ |
| १२०. | **पेश्की बाँकी** : आर्थिक वर्षको अन्तमा बाँकी रहेको देहाय अनुसारको पेश्की लेखापरीक्षण अवधी सम्म पनि असुल फछ्यौट नभएको हुँदा आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ७४ अनुसार असुल फछ्यौट हुनु पर्दछ । | ६२१०००।०० |

| पेस्की लिनेको नाम | वापत | पेस्की लिएको मिति | म्याद भए नभएको | रकम | पेस्की लिनेको प्रकार |
|---|---|---|---|---|---|
| खड्क बहादुर बुढा | सडक मर्मत | २०७६।७।२२ | | ६२१००० | कर्मचारी |
| | | | **जम्मा म्याद नभएको** | **६२१०००** | |
| कोपि एण्ड न्यौपाने यती विल्डर्स जे भी | हस्पिटल निर्माण | २०७६।९।०६ | | १७२७०००० | ठेकेदार |
| नेपाल पावर ईन्जिनियरङ एण्ड फेब्रिकेटर न्यु सामाना एन्टरप्राइजेज जे भी | क्रसर काष्ठ उद्योगलाइ अनुदान | २०७६।१।८ | | १२००००० | ठेकेदार |
| पि एस कन्ट्रक्सन सेवा | गाउँवारी विद्यालय भवन निर्माण | २०७६।९।२२ | | ९९२००० | ठेकेदार |
| मनकामना कन्ट्रक्सन निर्माण एण्ड सप्लायस | सुन्दर पानी वीद्यालय भवन निर्माण | २०७७।२।२१ | | १४००००० | ठेकेदार |
| हाम्रो पन्त जे भी | शहिद स्मृती विद्यालय भवन निर्माण | २०७७।२।२१ | | २३००००० | ठेकेदार |
| दिवा यती नायाग्रा जे भी | शहिद स्मृती विद्यालय भवन निर्माण | २०७७।२।२८ | | २५००००० | ठेकेदार |
| मार्ग देवी निर्माण सेवा | रोड निर्माण | २०७७।३।१० | | ५६९०३७४ | ठेकेदार |
| ग्रामीण युवा सरोकार केन्द्र | सडक मर्मत | २०७६।८।६ | | ५८३००० | संस्थागत |
| क्षितिज वहुसेवा प्रा ली | वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम | २०७६।८।८ | | १६०००० | संस्थागत |
| झारमारे जलजला श्रम सहकारी संस्था ली | भवन निर्माण नगरपालिकाको कृषि प्रयोजन भवन | २०७६।८।२६ | | १०३८००० | उपभोक्ता समिति |
| सानीभेरी वहुउद्शीय सहकारी संस्था | कार्यक्रम खर्च | २०७६।९।२९ | | २००००० | संस्थागत |
| | | | **जम्मा म्याद भएको** | **१७७९०३७४** | |
| | | | **जम्मा पेश्की बाकी** | **१८४११३७४।००** | |

अनुगमन तथा सम्परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।

यस वर्ष फछ्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्यौंटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७४/०७५ | १८ | पेश्की बाकी | | १४१८००० | | | १४१८००० |
| २ | २०७५/०७६ | ३८ | पवन कुमार | ६००००० | | | | ६००००० |

**कार्यालयको नाम** : आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम **आ.व. २०७६।७७**

| **द.फा** | **भौ.नं, मिति र ब्यहोरा** | **बेरुजू रकम** |
|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | यादव | | | | | |
| ३ | | | जोखे बुढा | २९२००० | | | | २९२००० |
| ४ | | | राम बहादुर मल्ल | १००००० | | | | १००००० |
| ५ | | | टिम्बर भवन नि उ स | १४००००० | | | | १४००००० |
| ६ | | | गणतान्तान्त्रीक श्रम सहकारी संस्था लि | ११००००० | | | | ११००००० |
| ७ | | | ग्लोबल ईन्जीनियरीङ्ग एशोसियट | १०४००० | | | | १०४००० |
| ८ | | | गोविन्द बुढाथोकी | ६७००० | | | | ६७००० |
| ९ | | | कान्जीरोवा एग्रोभिलेज | ६३०५ | | | | ६३०५ |
| १० | | | साईकुमारी मन्दिर नि उ स | ८५०००० | | | | ८५०००० |
| ११ | | | ड्राईभर जैखर विक | २००२ | | | | २००२ |
| १२ | | | ड्राईभर प्रदिप चदारा | ३०००० | | | | ३०००० |
| १३ | | | राडी घारीखोला सडक मर्मत उ स | ९००००० | | | | ९००००० |
| | | | जम्मा | ५४५१३०७ | | | | ६८६९३०७ |

आ व २०७५।०७६ को निम्नानुसारको बेरुजु सम्परीक्षणार्थ पेश भएको छ ।

१ दफा २६ ऋणात्मक मौज्दात रहेको रु १३९०७१२८।०० दाखिला प्रमाण पेश

२ दफा २६ राजश्व अभिलेख नभएको रु २१५८९६३०।०० राजश्व अभिलेख प्रमाण पेश भएको

३ दफा २७ उपभोक्ता समुह विच प्रतिस्प्रर्धा गराएको रु ४०८०९००।०० प्रतिस्प्रर्धा गराएको विवरण पेश

अनुसुची-१

# आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम को संचितकोष विवरण
## २०७६/७७

कर्णाली प्रदेश (रु.हजारमा)

| जिल्ला | स्थानीय तह | लेखापरीक्षण रकम | बेरुजू रकम | प्रतिशत | आय | | | | | | व्याय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | गतवर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँट रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| रुकुम पश्चिम | आठविसकोट नगरपालिका | १६३१६९२ | ८००६४ | ४.९१ | ११०४७ | ३८५८७७ | ७८८१३ | ४७१०३ | ३०५६०४ | ८१७३९७ | ४९१०७० | २९३९०३ | २९३२२ | ८१४२९५ | १४१४९ |

अनुसुची-२

# आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम को बेरुजु बर्गिकरण( विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार)

(रु.हजारमा)

| जिल्ला | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| रुकुम पश्चिम | आठविसकोट नगरपालिका | ६५ | ५७ | ८००६४ | ० | ० | ० | ६५ | ५७ | ८००६४ | १३५१३ | ४८५३१ | १७३९९ | ० | ० | ६५९३० | ६२१ | ० | ६२१ |

अनुसुची-३

# आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम पश्चिम को अध्यावधिक बेरुजु स्थिति

(रु.हजारमा)

| जिल्ला | स्थानीय तह | गत बर्ष सम्मको वाँकी वेरुजु | समायोजन | सं प को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको वाँकी रकम | यो वर्षको थप रकम | यस वर्ष सम्मको वाँकी वेरुजु | यस वर्ष सम्मको वाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रुकुम पश्चिम | आठविसकोट नगरपालिका | **१०७३३०** | ० | ६८६९ | ६८६९ | ० | ० | १००४६१ | ८००६४ | १८०५२५ | ५४५१ |